कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# बुङ्गल हाइड्रो लिमिटेड

# BUNGAL HYDRO LIMITED

रजिष्ट्रार कार्यालय : ललितपुर लिल्ला, ललितपुर म.न.पा.-३, धोविघाट, ललितपुर, बागमती, नेपाल , फोन नं. : ०१-५५२९९२७, ५५२४३३५
इमेलः : info.kbhep@gmail.com वेवसाइटः www.bungalhydro.com.np

को

# विवरण पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

**यस कम्पनीले आफ्नो जारी पूँजी रु.८३,००,००,०००/- (अक्षरेपी त्रियासी करोड मात्र) को ३५ प्रतिशत अर्थात रु.२९,०५,००,०००/- (अक्षरेपी उनान्तीस करोड पाँच लाख मात्र) रकम बराबरको रु.१००/- अंकित दरका २९,०५,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरेको छ । जस मध्ये जारी पूँजीको १० प्रतिशत अर्थात रु.८,३०,००,०००/- (अक्षरेपी आठ करोड तीस लाख मात्र) रकम बराबरको रु. १००/- अंकित दरका ८,३०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरिएको र बाँकी रु २०,७५,००,०००/- (अक्षरेपी बीस करोड पचहत्तर लाख मात्र) रकम बराबरको रु.१००/- अंकित दरको २०,७५,००० कित्ता साधारण शेयर मध्ये १० प्रतिशत अर्थात २,०७,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि, ५ प्रतिशत अर्थात १०३,७५० कित्ता साधारण शेयर सामूहिक लगानी कोष र ३ प्रतिशत अर्थात ६२,२५० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि छुट्टाइएको शेयर निष्काशन तथा बाँडफाँड पश्चात बाँकी १७,०१,५०० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्कशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही प्रारम्भिक सार्वजनिक निष्काशन गरिएको ।**

| आयोजना प्रभावित क्षेत्र | छुट्टाइएको प्रतिशत | छुट्टाइएको शेयर संख्या | पूँजी रकम रु. |
|---|---|---|---|
| अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला, बुङ्गल नगरपालिका वडा नं. ६ (साविक पिपलकोट गा.वि.स. वडा नं. ४, ५ र ७) र वडा नं. ७ (साविक कफल्सेरी गा.वि.स. वडा नं. १) | ६५ प्रतिशत | ५,३९,५०० कित्ता | ५,३९,५०,०००/- |
| सामान्य प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला, बुंगल नगरपालिका वडा न. १, २, ३, ४, ५, ८, ९, १०, ११ तथा वडा नं. ६ र ७ का आयोजना अति प्रभावित क्षेत्रमा नपरेका क्षेत्रहरु | ३५ प्रतिशत | २,९०,५०० कित्ता | २,९०,५०,०००/- |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**संक्षिप्त वित्तीय विवरणः**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ चैत्र मसान्त | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | ३९.३२ | ११.३२ | (४१.६९) | (८.७२) | (७.०८) | ५.७४ | ७.७४ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३९.३२ | १५०.६४ | १००.८८ | ९२.१६ | ९३.४९ | ९९.२३ | १०६.९७ |
| जगेडा कोष तथा संचित नाफा (रु.हजारमा) | १७८,८९७ | २३०,३९५ | ५,४८३ | (४१,५७०) | (५३,३२१) | (५,६८०) | ५८,५८६ |

| आयोजनाको नाम | उत्पादन क्षमता | कुल लागत रकम | प्रति मेगावाट लागत रकम | विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति |
|---|---|---|---|---|
| माथिल्लो सानिगाड जलविद्युत आयोजना | १०.७० मे.वा. | रु.३,०२३,६३८,४८३ | रु. २८,२५,८३,०३५ | २०७२/१२/१४ |

| अनुमति बहाल रहने मिति | विद्युत उत्पादन अनुमतिको बाँकी अवधी | साधारण लगानी फिर्ता हुने अवधी | डस्काउन्टमा लगानी फिर्ता हुने अवधी | परियोजना सरकारलाई हस्तान्तरण गर्ने मिति |
|---|---|---|---|---|
| २१०७/१२/१३ | २६ वर्ष १० महिना | ९.८५ वर्ष | २२.२९ वर्ष | २१०७/१२/१३ |

**लगानीमा हुने जोखीम सम्बन्धी उद्घोषणः**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सुचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरण पत्रको दफा ग.८., पृष्ठ नं. ३० र ३१ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियामक निकायको जवाफदेहिता नरहने उद्घोषणः**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरणः**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, पुतलिसडक, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई मिति २०८० माघ २५ गते "CARE-NP B (Is) [Single B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । यो जनवरी १६, २०२५ मा सोहि रेटिङ्ग एजेन्सीबाट पुनर्पुष्ठि (Reaffirmed) भएको हो र यसको बैधता फेब्रुवरी ८, २०२६ सम्म रहनेछ । "[CARE-NP B (Is)" ले "Issuer with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal" भन्ने जनाउँछ । केयर रेटिङ्ग नेपाल लिमिटेडले [CARE-NP AAA (Is)] देखि [CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड [CARE-NP AAA (Is)] ले (Issuer with this rating are considered to offer the highest degree of safety regarding timely servicing of financial obligation, in Nepal. such issuers carry lowest credit risk) जनाउँछ भने [CARE-NP D (Is)] ले (Issuers with this rating are in defult or are excepted to be in default soon) भन्ने जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यस सम्बन्धी विवरणपत्रको दफा ग.२२ (ट) पृष्ठ नं. ६४ मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मिति : २०८१/१०/०३ (तदनुसार जनवरी १६, २०२५ ) बहाल रहने अवधिः २०८२/१०/२५ (तदनुसार फेब्रुवरी ८, २०२६)

**संस्थापक, संगठित संस्थाका कर्मचारी तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि बाँडफाँड गरिएको/गरिने शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।**

**सामुहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम सामुहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले छ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त मिति : २०८२/०३/१५ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति : २०८२/०३/१९

विद्युत नियमन आयोगबाट कम्पनीको शेयरको सार्वजनिक निष्काशनको लागि सहमति प्रदान गरिएको मितिः २०८०/११/१५

**सर्वसाधारणहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः**

| | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला हुने मिति | : २०८२/०५/१६ |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०८२/०५/१९ (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०८२/०५/३० (बैंकिङ्ग समय पश्चात्) |

**निष्काशन तथा बिक्री प्रबन्धकः**

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

**हिमालयन क्यापिटल लिमिटेड**

पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५
इमेलः info@himalayancapital.com, वेवसाइटः www.himalayancapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले हिमालयन क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ।

ग) **"कम्पनी वा संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी बुंगल हाइड्रो लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

ङ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्नका लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख, व्यबस्थापन तथा कर्मचारीहरु"** भन्नाले बुंगल हाइड्रो लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख, व्यबस्थापन लगाएतका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

झ) **"स्थानीयवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बुंगल नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई जनाउनेछ।

ञ) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले माथिल्लो सानी गाड जलविद्युत आयोजना निर्माण भएको सुदुर पश्चिम प्रदेश, बुंगल नगरपालिकाका सवै वडाहरुलाई जनाउँदछ।

ट) **"अति प्रभावित क्षेत्र"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश बुंगल नगरपालिकाका वडा नं. ६ (साविक पिपलकोट गा.वि.स. वडा नं. ४,५ र ७) र वडा नं. ७ (साविक कफल्सेरी गा.वि.स. वडा नं. १) लाई जनाउँदछ।

ठ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ।

ड) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अन्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौलाई सम्झनु पर्दछ।

ढ) **"आस्बा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुलाई सम्झनु पर्दछ।

ण) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको वार्षिक आम्दानीलाई जारी पूँजीले भाग गर्दा हुन आउने आम्दानीलाई जनाउँदछ।

त) **"प्रतिशेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पुँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगाएतका संचितकोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफल सम्झनु पर्दछ।

थ) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरूको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ।

द) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँछ।

ध) **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ।

**ख.२.	विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान ः**

**क) विवरणपत्र प्राप्त गर्ने स्थानहरु ः**

| सि.नं. | कम्पनीको नाम र ठेगाना | वेभ साईट |
|---|---|---|
| १. | श्री हिमालयन क्यापिटल लिमिटेड, का.म.न.पा वडा नं.२८, कमलादी, काठमाण्डौं । | www.himalayancapital.com |
| २. | बुंगल हाईड्रो लिमिटेड, रजिष्टर्ड कार्यालय ललितपूर उ.म.न.पा.-३, धोविघाट, ललितपुर । | www.bungalhydro.com.np |

साथै नेपाल धितोपत्र बोर्डको वेभ साईटः www.sebon.gov.np बाट समेत यस निष्काशनको स्वीकृत विवरणपत्र हेर्न सकिने छ ।

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फारम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु ः**

स्थानीय बासिन्दाहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त फारम प्राप्त गर्न सकिने र दरखास्त बुझाउन सकिने ब्यवस्था मिलाइएको छ ।

| क्र.सं. | संकलन केन्द्रको नाम र ठेगानाः |
|---|---|
| १. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड , केदारस्यू १, बझाङ्ग |
| २. | कृषि विकाश बैंक लिमिटेड , बुँगल नगरपालिका ४, बझाङ्ग |
| ३. | ग्लोबल आईएमइ बैंक लिमिटेड, जयपृथ्वी नगरपालिका १०, बझाङ्ग |
| ४. | बुङ्गल हाइड्रो लिमिटेडको आयोजना स्थान, बुंगल नगरपालिका, न.पा., वडा नं.-०७, खौलाधार, बझाङ्ग |

आवश्यकता अनुसार स्वीकृति लिई अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ ।

**दस्खास्त फारम प्रति रु.२/- (दुई रुपैया) प्रति दस्खास्त शुल्क बुझाउनु पर्नेछ ।**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु ः**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**सर्वसाधारणको लागि दरस्खास्त फाराम प्राप्त गर्ने र शुल्क बुझाउने स्थानहरु ः**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु एवं तिनका तोकिएका शाखा कार्यालयहरु मार्फत तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**ग.१.	धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण ः**

हामीलाई बुंगल हाईड्रो लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" तथा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टीफिकेट) प्रस्तुत गरेका छौं ।

**ग.२.	संगठित संस्थाको उद्घोषण ः**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण ः**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र

निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी सू-सुचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस बुंगल हाईड्रो लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैःकम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व.२०८०/८१ सम्मको विवरणहरु पेश गरीएको हुनाले कम्पनी अद्यावधिक रहेको व्यहोरा उक्त कार्यालयको मिति २०८१/१०/०९ को निर्णयानुसार यस कम्पनीलाई आ.व २०८०/८१ सम्मको लागि अद्यावधिक गरिएको छ । साथै, आन्तरिक राजस्व विभाग बाट मिति २०८१/१० /०४ मा आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र लिइ सो वर्ष सम्मको कर विवरण अद्यावधिक गरिएको छ ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१.यस संगठित संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२.यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

३.सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

४.धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

५.यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम संचालक वा कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**क संस्थाको नाम :** बुंगल हाईड्रो लिमिटेड (Bungal Hydro Limited)

**ख संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**ग संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर महानगरपालिका वडा नं. ३, धोविघाट, ललितपुर, बागमती, नेपाल रहेको छ ।

**घ कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय ललितपूर म.न.पा.- ३, धोविघाट, ललितपुर र आयोजना स्थलको कार्यालय सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला, बुंगल नगरपालिका, वडा नं. - ०७, खौलाधार, बझाङ्गमा रहेको छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**ङ संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः

१ नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन र विस्तृत इन्जिनियरिङ्ग अध्यन गरि निर्माण र संचालन गर्ने हेतुले बुंगल हाइड्रो लिमिटेड प्रचलित कानून बमोजिम २०७३ साल जेष्ठ ३१ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति

२०७८ असार ३० गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत कारोबार गर्दै आएको छ।

२ कम्पनीमा हाल ८२ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा क्षेत्र, सामाजिक कार्य/बैदेशिक रोजगार एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दख्खल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३ कम्पनीले नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति २०७२/१२/१४ मा (वि.वि.वि. ०७२/७३ वि.उ १५३) माथिल्लो सानी गाड जलविद्युत आयोजना (१०.७ मे.वा) को विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरेको छ र उक्त अनुमतिपत्र बहाल रहने अवधि २१०७/१२/१३ सम्म रहने छ। विद्युत उत्पादन अनुमतिको बाँकी अवधी २६ वर्ष १० महिना रहेको छ।

४ यस कम्पनीबाट उत्पादन गरिएको सवै विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण विच मिति २०७२ साल आषाढ १५ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको छ।

५ कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ३५ प्रतिशत शेयर सर्वसाधरणको लागि छुट्टाईको छ । जस मध्ये जारी पूँजीको १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र जारी पूँजीको २५ प्रतिशत शेयर सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरु, सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) को लागि छुट्याई बाँडफाँट गर्ने व्यवस्था रहेको छ।

६ यस कम्पनीले सानीगाड खोलाको पानीबाट १०.७ मेगावाट जलविद्युत आयोजना सफलतापूर्वक निर्माण कार्य सम्पन्न भइसकेको छ। यो प्रस्ताव तयार गर्दा बखत सम्म आयोजनाको साइटको भौतिक कार्य सम्पन्न भएतापनि स्वतन्त्र प्राविधिक परामर्शदाता र वित्तिय परामर्शदाताबाट प्रमाणित हुन बाँकी रहेको छ र मिति २०८० भाद्र २ गते वाट व्यापारिक उत्पादन गरिरहेको छ। यस आयोजनाको कुल लागत रु.३,०२३,६३८,४८३/- रहेको र प्रति मेगावाट लागत रु. २८,२५,८३,०३५/- रहेको छ।

७ यस कम्पनीको विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन (RCOD) सुरु गर्नुपर्ने मिति २०७६ भाद्र २९ गते रहेकोमा नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच मिति २०७९ साल श्रावण २६ भएको सम्झौता बमोजिम विद्युत उत्पादन सुरु गर्नपुर्ने, (RCOD) मिति २०७७ पौष १ गते सम्म थप गरिएको थियो । सो पश्चात नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच मिति २०७९ साल फाल्गुण ३० गते भएको सम्झौता बमोजिम विद्युत उत्पादन सुरु गर्नपुर्ने, (RCOD) मिति २०७८ मंसिर २९ सम्म थप गरिएको र नेपाल विद्युत प्राधिकरणको मिति २०८०/०६/०९ को पत्र बमोजिम व्यापारिक विद्युत उत्पादन (COD) मिति २०८०/०५/०२ गते निर्धारण भएको छ। उक्त मिति २०८०/०५/०२ गतेबाट यस जलविद्युत आयोजनाले ब्यवसायिक उत्पादन शुरु गरी संचालनमा रहेको छ। सो को विवरण यस प्रकार रहेको छ

PPA मूल सम्झौताः २०७२/०३/१५ गते सानिगाड हाइड्रो प्रा. लि सँग सम्झौता ।

PPA पहिलो संसोधनः २०७४/०२/२९ गते सानिगाड हाइड्रो प्रा. लि सँग संसोधन ।

PPA को नामसारीः२०७४/०५/०५ गते सानिगाड हाईड्रो प्रा. लि बाट बुंगल हाइड्रो प्रा. ली मा नामसारी ।

PPA दोश्रो संसोधनः २०७९/०४/२६ गते बुंगल हाइड्रो लिमिटेड सँग संसोधन ।

PPA तेश्रो संसोधनः २०७९/११/३० गते बुंगल हाइड्रो लिमिटेड सँग संसोधन ।

८ यस आयोजनाबाट उत्पादन हुने विद्युत्तीय उर्जालाई यस आयोजनाको स्वीचयार्डबाट २० कि.मि. लामो १३२ के.भी. को सिङ्गल सर्किट विद्युत प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको चमेलिया स्थित बलाँच सब-स्टेसनमा दार्चुला पुऱ्याई राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिएको छ।

(९) यस कम्पनीले विद्युत नियम आयोग को पूर्व सहमति प्रदानको बुँदा नम्बर ४ अन्तरगत विद्युत खरिद विक्री सम्झौता अनुरुपको सुख्खा याम (Dry Season) तथा वर्षायाम (Wet Season) को उर्जाको परिणाम सहितको मासिक करार उर्जा (कन्ट्रयाक्ट इनर्जी) र आयोजनाले मिति २०८०/०५/०२ देखि व्यापारिक विद्युत उत्पादन कार्य शुरु गरीसकेको छ। व्यापारिक विद्युत उत्पादन कार्य देखी चालु आर्थिक वर्ष सम्मको वास्तविक मासिक विक्री उर्जा र आय सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

| क.स. | महिना | मासिक करार ऊर्जा (कन्ट्रयाक्ट इनर्जी) | दिनहरु | | वास्तविक दिन अनुसार | | उर्जा उत्पादन | | दर | रकम | रोयल्टी | अन्य | प्राप्त रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिनामा दिनहरु | संचालन दिन | प्रति दिन | महिना | जम्मा | प्रतिशत | | | | | | |
| आ.व.२०८०।८१ | | | | | | | | | | | | | | |
| १ | साउन | ७,५६५,९४४.३२ | ३१ | ० | २४४,०६३ | ० | ० | ०% | ४.८ | ० | | | | वर्षा याम |
| २ | भाद्र | ७,५६५,९४४.३२ | ३१ | ३० | २४४,०६३ | ७,३२१,८८२ | ८,०७४,७५४ | ११०% | ४.८ | ३५,१४५,०३१.६८ | ७०२,४९२.३६ | १७,५८२,७२१.१० | १६,८५९,८१८.२२ | वर्षा याम |
| ३ | असोज | ७,५६५,९४४.३२ | ३१ | ३० | २४४,०६३ | ७,३२१,८८२ | ७,०८२,३७५ | ९७% | ४.८ | ३३,९९५,४००.०० | ६७९,८७९.९२ | १०,६७४,४४०.७६ | २२,६४१,०७९.३२ | वर्षा याम |
| ४ | कार्तिक | ७,३२१,८८२.०० | ३० | ३० | २४४,०६३ | ७,३२१,८८२ | ५,२५२,१०१ | ७२% | ४.८ | २५,२१०,०८४.८० | ४४६,०६९.१२ | २,९०६,६९६.५४ | २१,८५७,३१९.१४ | वर्षा याम |
| ५ | मंसिर | ४,६८३,२०१.०० | २९ | ३० | १६१,४९० | ४,८४४,६९१ | ३,४७०,८२४ | ७२% | ४.८ | १६,६५९,९५४.२४ | ३२४,०७०.०६ | ४५६,४५१.१९ | १५,८७९,४३२.९८ | वर्षा याम |
| ६ | पौष | ३,७२६,२४०.०० | ३० | २९ | १२४,२०८ | ३,६०२,०३२ | २,४४६,०९९ | ६८% | ८.४ | २०,५४७,२२८.४९ | ३८६,१७४.३६ | १,२३८,५१०.४२ | १८,९२२,५४३.७१ | सुख्खा याम |
| ७ | माघ | २,९९८,६९१.०० | २९ | २९ | १०३,४०३ | २,९९८,६९१ | १,८९८,९३२ | ६३% | ८.४ | १५,९५१,०३१.८२ | २७५,३१०.९६ | २,१८५,४८४.०४ | १३,४९०,२३६.८३ | सुख्खा याम |
| ८ | फागुन | ३,०७६,९३८.०० | ३० | ३० | १०२,५६५ | ३,०७६,९३८ | १,६५६,९३३ | ५४% | ८.४ | १३,९१८,२३६.२८ | १४३,१७१.७० | ६,७५९,६५१.१४ | ७,०१५,४१३.४४ | सुख्खा याम |
| ९ | चैत | २,७३९,७९४.०० | ३० | ३० | ९१,३२६ | २,७३९,७९४ | १,६०९,०२० | ५९% | ८.४ | १३,५१५,७७१.६१ | २७०,३००.३१ | ३,०५५,२५८.५३ | १०,१९०,२१२.७७ | सुख्खा याम |
| १० | बैसाख | २,९४२,५५१.०० | ३१ | ३१ | ९४,९२१ | २,९४२,५५१ | १,४६७,८७३ | ५०% | ४.८ | ७,०४५,७८९.३४ | १४०,९०४.९९ | २,७८५,२२३.६१ | ४,११९,६६०.७५ | वर्षा याम |
| ११ | जेठ | ४,७०९,६०४.०० | ३१ | ३२ | १५१,९२३ | ४,८६१,५२७ | १,४६९,०४६ | ३०% | ४.८ | ७,०५१,४१९.२६ | ० | ७,०५१,४१९.२६ | ० | वर्षा याम |
| १२ | असार | ७,८१०,००७.०० | ३२ | ३१ | २४४,०६३ | ७,५६५,९४४ | ५,०३२,६८८ | ६७% | ४.८ | २४,१५६,९०२.२६ | ४८३,०९०.५३ | -१०५,४५२.८८ | २३,७७९,२६४.६१ | वर्षा याम |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | | ६२,७०६,७४०.९६ | ३६५ | १८१ | २,०५०,१४९ | ५४,५९७,८१३ | ३९,४६०,६४५ | - | - | २१३,१९६,८४९.७९ | ३,८५१,४६४.३० | ५४,५९०,४०३.७२ | १५४,७५४,९८१.७६ | |
| **आ.व. २०८१/८२** | | | | | | | | | | | | | | |
| १ | साउन | ७,५६५,९४४.३२ | ३१ | ३२ | २४४,०६३ | ७,८१०,००७ | ८,०९६,२३१ | १०४% | ४.८ | ३७,४८८,०३३.७९ | ७४९,७६०.६४ | २,९१६.०० | ३६,७३५,३५७.१५ | वर्षा याम |
| २ | भाद्र | ७,५६५,९४४.३२ | ३१ | ३१ | २४४,०६३ | ७,५६५,९४४ | ७,५६५,९४४ | १००% | ४.८ | ३६,३१६,५३२.७४ | ७२६,३३०.६२ | २,४८४.०० | ३५,५८७,७१८.११ | वर्षा याम |
| ३ | असोज | ७,५६५,९४४.३२ | ३१ | ३० | २४४,०६३ | ७,३२१,८८२ | ६,६८८,५५२ | ९१% | ४.९४ | ३३,०४१,४४६.२४ | ६६०,८२८.९२ | ९७२ | ३२,३७९,६४५.३१ | वर्षा याम |
| ४ | कार्तिक | ७,३२१,८८२.०० | ३० | ३० | २४४,०६३ | ७,३२१,८८२ | ५,३२०,१८३ | ७३% | ४.९४ | २६,२८१,७०१.५५ | ५२५,६३४.०३ | १,०८०.०० | २५,७५४,९८७.५२ | वर्षा याम |
| ५ | मंसिर | ४,६८३,२०१.०० | २९ | ३० | १६१,४९० | ४,८४४,६९१ | ३,६६६,३३६ | ७६% | ४.९४ | १८,१११,६९९.७४ | ३६२,२३३.९९ | १,२९६.०० | १७,७४८,१६९.७५ | वर्षा याम |
| ६ | पौष | ३,७२६,२४०.०० | ३० | २९ | १२४,२०८ | ३,६०२,०३२ | २,६२१,७५३ | ७३% | ८.६५ | २२,६७८,१६६.६५ | ४५३,५६३.३३ | ५४० | २२,२२४,०६३.३२ | सुख्खा याम |
| ७ | माघ | २,९९८,६९१.०० | २९ | ३० | १०३,४०३ | ३,१०२,०९४ | २,०३७,१०३ | ६६% | ८.६५ | १७,६२०,९४३.११ | ३५२,४१८.८६ | १,६९७,७२०.५५ | १५,५७०,८०३.७० | सुख्खा याम |
| ८ | फागुन | ३,०७६,९३८.०० | ३० | २९ | १०२,५६५ | २,९७४,३७३ | १,६९४,९९७ | ५७% | ८.६५ | १४,६६१,७२१.५४ | २९३,२३४.४३ | ३,८६२,८९१.५८ | १०,५०५,५९५.५३ | सुख्खा याम |
| ९ | चैत्र | २,७३९,७९४.०० | ३० | ३१ | ९१,३२६ | २,८३१,१२० | १,७३५,८३५ | ६१% | ८.६५ | १५,०१४,९७४.२२ | ३००,२९९.४८ | २,६१७,६७३.१४ | १,२०९,७००१.६० | सुख्खा याम |
| **जम्मा** | | ४७,२४४,५७९ | २७१ | २७२ | १,५५९,२४४ | ४७,३७४,०२५ | ३९,४२६,९३४ | | | २२१,२१५,२२० | ४,४२४,३०४ | ८,१८७,५७३ | २०८,६०३,३४२ | |

**नोट**

*व्यवसायिक उत्पादनका शुरुवाती वर्षहरुमा उत्पादनमा २% का दरले तथा १५ वर्ष देखी १०% का दरले रोयल्टी गणना गरिएको छ।

*व्यवसायिक उत्पादनका शुरुवाती वर्षहरुमा क्षमतामा रु. १०० प्रती किलोवाटका दरले तथा १५ वर्ष देखी रु. १००० प्रती  किलोवाटका दरले क्षमतामा आधारीत रोयल्टी गणना गरिएको छ।

* यस आयोजनाको व्यवसायिक उत्पादन मिति २०८१।०५।०२ गते रहेको छ।

(१०) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ।

| | | |
|---|---|---|
| **आयोजना स्थल** | : | सुदुर पश्चिम प्रदेश, बुंगल नगरपालिका, वडा नं. - ०७, खौलाधर, बझाङ्ग। |
| **श्रोत नदी** | : | सानीगाड खोला |
| **आयोजनाको किसिम** | : | रन अफ रिभर |
| **डिजाइन डिस्चार्ज** | : | ३.४ घन मिटर प्रति सेकेण्ड |
| **उत्पादन हुने इनर्जी** | : | ६२.७०६ गिगावाट घण्टा विद्युतशक्ति |
| **आयोजनाको उत्पादन क्षमता** | : | १०.७० मेगावाट |
| **ग्रस हेड** | : | ३८७.६० मिटर |
| **डाइभर्सन बाँध** | : | २५ मिटर.लम्बाई, ३ मिटर उचाई |
| **डिस्यान्डीङ्ग वेसिन** | : | ५० मिटर लम्बाई, ६ मिटर चौडाई र ३ मिटर गहिराइ |
| **हेडरेस पाईपलाईन** | : | १,८७५ मिटर लम्बाई, १.४ मिटर ब्यास, १२ मि.मि बाक्लो |
| **सतही पेनस्टक** | : | १,१२२ मिटर, १.२ मिटर ब्यास, ८ मि.मि-२० मि.मि बाक्ला |
| **सतही पावरहाउस** | : | क्षेत्रफल ८०० वर्ग मिटर र १५ मिटर उचाई |
| **टर्वाइन** | : | Horizontal Axis Pelton 2 Unit, ५.९४५ मेगावाट |
| **जेनेरेटर** | : | भोल्टेज ६.६ केभि, ५० Hz (2 unit) |
| **व्यापारिक उत्पादन शुरु मिति** | : | २०८० भाद्र २ गते बाट। |
| **आयोजनाको कुल लागत** | : | रु. ३,०२३,६३८,४८३/- |

**<u>कम्पनीको वित्तिय परिसुचक :</u>**

| | | |
|---|---|---|
| आयोजनाको लागत निर्माण अवधिको ब्याज बाहेक | : | रु. २३,५८,७८१,०४८/- |
| आयोजनाको लागत निर्माण अवधिको ब्याज सहित | : | रु. ३,०२३,६३८,४८३/- |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) | : | ९.८५ वर्ष |
| आयोजनाको डिष्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discount Pay Back Period) | : | २२.२९ वर्ष* |
| Net Present Value (NPV) | : | रु. १९३,७९३,०००/- |
| Internal Rate of Return of Project (IRR) | : | ८.७४% |
| Debt Equity Ratio | : | ८३:१७ |

***आयोजनाको डिस्काउन्ट लगानी फिर्ता हुने अवधि विद्युत उत्पादन अनुपतिपत्रको बाँकी अवधि भन्दा कम देखिएकोले आयोजनाको लगानीकर्ताहिरुलाई सो सम्बन्धिको जोखिम रहेको छैना***

**** Debt Equity Ratio चैत्र मसान्त २०८१ को लिइएको।***

Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गर्दा Cash Flow Basis विधिअनुरुप गणना गरिएकोः

पूँजीको लागत ( **Cost of Capital** ) : **८.००%**

**रु.हजारमा**

| बर्ष | आम्दानी | संचालन र व्यवस्थापन लागत | पेनाटी | रोयल्टी | बैंक शुल्क | बैक व्याज तथाशूल्क | ह्रासकट्टी तथा परिशोधन | कर अधिको नाफा | बोनस | कर | कर पछिको नाफा | नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ० | | | | | | | | | | | | (३०,२३,६३८.४८) |
| २०८०/८१ | २२३,६९६ | २१,६४५ | २८,२३५ | ४,८२५ | ७१,६९९ | १८७,४०७ | ११८,३१८ | (२०८,४३२) | - | - | (२०८,४३२) | ९७,२९२ |
| २०८१/८२ | २९७,६६० | २१,८६२ | | ७,०२३ | २१,६०९ | १७०,३८७ | ११८,३१८ | (४१,५३८) | - | - | (४१,५३८) | २४७,१६६ |
| २०८२/८३ | ३६४,९७८ | २२,०८० | | ८,३७० | २,५३३ | १६५,९११ | ११८,३१८ | ४७,७६७ | ९५५ | - | ४६,८११ | ३३१,०४० |
| २०८३/८४ | ३७५,९२७ | २२,३०१ | | ८,५८९ | २,४७३ | १५९,८५३ | ११८,३१८ | ६४,३९४ | १,२८८ | - | ६३,१०६ | ३४१,२७७ |
| २०८४/८५ | ३७८,२३९ | २२,५२४ | | ८,६३५ | २,४१३ | १५१,३९३ | ११८,१४६ | ७५,१२८ | १,५०३ | - | ७३,६२५ | ३४३,१६५ |
| २०८५/८६ | ३७९,४३० | २२,७४९ | | ८,६५९ | २,३९८ | १४१,५२१ | ११७,७०० | ८६,४०३ | १,७२८ | - | ८४,६७५ | ३४३,८९६ |
| २०८६/८७ | ३७९,४३० | २२,९७७ | | ८,६५९ | २,३८३ | १३०,३६३ | ११७,६०८ | ९७,४४० | १,९४९ | - | ९५,४९२ | ३४३,४६३ |
| २०८७/८८ | ३७९,४३० | २३,२०६ | | ८,६५९ | २,३६८ | ११८,०९५ | ११७,६०८ | १०९,४९४ | २,१९० | - | १०७,३०४ | ३४३,००७ |
| २०८८/८९ | ३७९,४३० | २३,४३८ | | ८,६५९ | २,३५३ | १०४,४१७ | ११७,६०८ | १२२,९५४ | २,४५९ | - | १२०,४९५ | ३४२,५२१ |
| २०८९/९० | ३७९,४३० | २३,६७३ | | ८,६५९ | २,३५३ | ८८,८२५ | ११७,६०८ | १३८,३१२ | २,७६६ | - | १३५,५४६ | ३४१,९७९ |
| २०९०/९१ | ३७९,४३० | २३,९१० | | ८,६५९ | २,३७५ | ७१,६६५ | ११७,६०८ | १५५,२१३ | ३,१०४ | १५,५२१ | १३६,५८७ | ३२५,८६१ |
| २०९१/९२ | ३७९,४३० | २४,१४९ | | ८,६५९ | २,४०५ | ५२,३३३ | ११७,६०८ | १७४,२७६ | ३,४८६ | १७,४२८ | १५३,३६३ | ३२३,३०४ |
| २०९२/९३ | ३७९,४३० | २४,३९० | | ८,६५९ | २,४४२ | ३८,१०४ | ११७,६०८ | १८८,२२७ | ३,७६५ | १८,८२३ | १६५,६३९ | ३२१,३५२ |
| २०९३/९४ | ३७९,४३० | २४,६३४ | | ८,६५९ | २,४०८ | ३३,००४ | ११७,६०८ | १९३,११६ | ३,८६२ | १९,३१२ | १६९,९४२ | ३२०,५५५ |
| २०९४/९५ | ३७९,४३० | २४,८८० | | ८,६५९ | २,३७५ | २७,१०४ | ११७,६०८ | १९८,८०३ | ३,९७६ | १९,८८० | १७४,९४७ | ३१९,६५९ |
| २०९५/९६ | ३७९,४३० | २५,१२९ | | ४८,६४३ | | | ११७,६०८ | १८८,०४९ | ३,७६१ | ३७,६१० | १४६,६७८ | २६४,२८७ |
| २०९६/९७ | ३७९,४३० | २५,३८१ | | ४८,६४३ | | | ११७,६०८ | १८७,७९८ | ३,७५६ | ३७,५६० | १४६,४८२ | २६४,०९१ |
| २०९७/९८ | ३७९,४३० | २५,६३४ | | ४८,६४३ | | | ११७,६०८ | १८७,५४४ | ३,७५१ | ३७,५०९ | १४६,२८४ | २६३,८९३ |
| २०९८/९९ | ३७९,४३० | २५,८९१ | | ४८,६४३ | | | ११७,६०८ | १८७,२८८ | ३,७४६ | ३७,४५८ | १४६,०८४ | २६३,६९३ |
| २०९९/२१०० | ३७९,४३० | २६,१५० | | ४८,६४३ | | | ११७,६०८ | १८७,०२९ | ३,७४१ | ३७,४०६ | १४५,८८३ | २६३,४९१ |
| २१००/२१०१ | ३७९,४३० | २६,४११ | | ४८,६४३ | | | ११७,६०८ | १८६,७६७ | ३,७३५ | ३७,३५३ | १४५,६७९ | २६३,२८७ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१०१/०२ | ३७९,४३० | २६,६७५ | | ४८,६४३ | | | ११७,६०८ | १८६,५०३ | ३,७३० | ३७,३०१ | १४५,४७३ | २६३,०८१ |
| २१०२/०३ | ३७९,४३० | २६,९४२ | | ४८,६४३ | | | ११७,६०८ | १८६,२३७ | ३,७२५ | ३७,२४७ | १४५,२६४ | २६२,८७३ |
| २१०३/०४ | ३७९,४३० | २७,२११ | | ४८,६४३ | | | ११७,६०८ | १८५,९६७ | ३,७१९ | ३७,१९३ | १४५,०५४ | २६२,६६३ |
| २१०४/०५ | ३७९,४३० | २७,४८३ | | ४८,६४३ | | | ११७,६०८ | १८५,६९५ | ३,७१४ | ३७,१३९ | १४४,८४२ | २६२,४५० |
| २१०५/०६ | ३७९,४३० | २७,७५८ | | ४८,६४३ | | | ११७,६०८ | १८५,४२० | ३,७०८ | ३७,०८४ | १४४,६२८ | २६२,२३६ |
| २१०६/०७ | ३७९,४३० | २८,०३६ | | ४८,६४३ | | | ११७,६०८ | १८५,१४३ | ३,७०३ | ३७,०२९ | १४४,४११ | २६२,०१९ |
| २१०७/०८ | ३७९,४३० | २८,३१६ | | ४८,६४३ | | | ९२,३५५ | २१०,११५ | ४,२०२ | ४२,०२३ | १६३,८९० | २५६,२४५ |

| | |
|---|---|
| Net Present Value (NPV); | रु. १९३,७९३,०००/- |
| Internal Rate of Return : | ८.७४% |
| B/C Ratio/ profitability index; | १.०७ |

## लगानी फिर्ता हुने अवधिको गणना (Payback Period Calculation)

## पूँजीको लागत (Cost of Capital) : ८.००%

**रु.हजारमा**

| बर्ष | नगद प्रवाह | कम्युलेटिभ नगद प्रवाह | डिस्काउन्ट फ्याक्ट | डिस्काउन्टेड नगद प्रवाह | कम्युलेटिभ डिस्काउन्टेड नगद प्रवाह |
|---|---|---|---|---|---|
| | (३,०२३,६३८) | (३,०२३,६३८) | १.०००० | (३,०२३,६३८) | (३,०२३,६३८) |
| २०८०/८१ | ९७,२९२ | (२,९२६,३४६) | ०.९२५९ | ९०,०८५ | (२,९३३,५५३) |
| २०८१/८२ | २४७,१६६ | (२,६७९,१८०) | ०.८५७३ | २११,९०५ | (२,७२१,६४८) |
| २०८२/८३ | ३३१,०४० | (२,३४८,१४०) | ०.७९३८ | २६२,७९० | (२,४५८,८५८) |
| २०८३/८४ | ३४१,२७७ | (२,००६,८६३) | ०.७३५० | २५०,८४९ | (२,२०८,००९) |
| २०८४/८५ | ३४३,१६५ | (१,६६३,६९८) | ०.६८०६ | २३३,५५२ | (१,९७४,४५७) |
| २०८५/८६ | ३४३,८९६ | (१,३१९,८०२) | ०.६३०२ | २१६,७१३ | (१,७५७,७४४) |
| २०८६/८७ | ३४३,४६३ | (९७६,३४०) | ०.५८३५ | २००,४०७ | (१,५५७,३३७) |
| २०८७/८८ | ३४३,००७ | (६३३,३३३) | ०.५४०३ | १८५,३१६ | (१,३७२,०२१) |
| २०८८/८९ | ३४२,५२१ | (२९०,८१२) | ०.५००२ | १७१,३४६ | (१,२००,६७५) |
| २०८९/९० | ३४१,९७९ | ५१,१६७ | ०.४६३२ | १५८,४०२ | (१,०४२,२७३) |
| २०९०/९१ | ३२५,८६१ | ३७७,०२७ | ०.४२८९ | १३९,७५६ | (९०२,५१७) |
| २०९१/९२ | ३२३,३०४ | ७००,३३१ | ०.३९७१ | १२८,३८८ | (७७४,१२८) |
| २०९२/९३ | ३२१,३५२ | १,०२१,६८३ | ०.३६७७ | ११८,१६० | (६५५,९६८) |
| २०९३/९४ | ३२०,५५५ | १,३४२,२३७ | ०.३४०५ | १०९,१३६ | (५४६,८३२) |
| २०९४/९५ | ३१९,६५९ | १,६६१,८९७ | ०.३१५२ | १००,७७० | (४४६,०६२) |
| २०९५/९६ | २६४,२८७ | १,९२६,१८३ | ०.२९१९ | ७७,१४३ | (३६८,९१९) |
| २०९६/९७ | २६४,०९१ | २,१९०,२७४ | ०.२७०३ | ७१,३७५ | (२९७,५४४) |
| २०९७/९८ | २६३,८९३ | २,४५४,१६६ | ०.२५०२ | ६६,०३९ | (२३१,५०५) |
| २०९८/९९ | २६३,६९३ | २,७१७,८५९ | ०.२३१७ | ६१,१०१ | (१७०,४०४) |
| २०९९/२१०० | २६३,४९१ | २,९८१,३५० | ०.२१४५ | ५६,५३१ | (११३,८७३) |
| २१००/२१०१ | २६३,२८७ | ३,२४४,६३६ | ०.१९८७ | ५२,३०३ | (६१,५६९) |
| २१०१/०२ | २६३,०८१ | ३,५०७,७१७ | ०.१८३९ | ४८,३९१ | (१३,१७८) |
| २१०२/०३ | २६२,८७३ | ३,७७०,५९० | ०.१७०३ | ४४,७७१ | ३१,५९३ |
| २१०३/०४ | २६२,६६३ | ४,०३३,२५२ | ०.१५७७ | ४१,४२२ | ७३,०१५ |
| २१०४/०५ | २६२,४५० | ४,२९५,७०३ | ०.१४६० | ३८,३२२ | १११,३३७ |
| २१०५/०६ | २६२,२३६ | ४,५५७,९३८ | ०.१३५२ | ३५,४५५ | १४६,७९२ |
| २१०६/०७ | २६२,०१९ | ४,८१९,९५८ | ०.१२५२ | ३२,८०१ | १७९,५९४ |
| २१०७/०८ | २५६,२४५ | ५,०७६,२०३ | ०.११५९ | २९,७०२ | २०९,२९६ |

| | |
|---|---|
| **साधारण लगानी फिर्ता अवधि (Simple Pay Back Period)** | **९.८५ बर्ष** |
| **डिष्काउन्टेड लगानी फिर्ता अवधि (Discounted Pay Back Period)** | **२२.२९ बर्ष** |

## ११) निर्माणाधिन आयोजनाको पछिल्लो अवस्था

**आयोजनाको हालको अवस्था** : मिति २०८० साल भाद्र ०२ गते सिभिल कार्य तथा समग्रमा आयोजना १०० प्रतिशत कार्य सम्पन्न भइसकेको छ। जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| विवरण | हालको अवस्था | कार्य प्रगती (प्रतिशतमा) |
|---|---|---|
| जग्गा प्राप्ति | सम्पन्न | १००% |
| विस्तृत डिजाइन | सम्पन्न | १००% |
| पूर्वाधार कार्य | सम्पन्न | १००% |
| प्रवेश माग | सम्पन्न | १००% |
| निर्माण उर्जा | सम्पन्न | १००% |
| अस्थायी शिविर र कार्यालय | सम्पन्न | १००% |
| स्थायी शिविर | सम्पन्न | १००% |
| **सिभिल कार्यहरु** | | |
| हेड कार्य वेइर र अन्डर स्लुइस | सम्पन्न | १००% |
| हेड कार्य इन्टेक ग्राभल ट्र्याप | सम्पन्न | १००% |
| अप्रोच क्यानल | सम्पन्न | १००% |
| सेटलिङ्ग वेसिन | सम्पन्न | १००% |
| अन्चर बल्क | सम्पन्न | १००% |
| अलाइनमेण्ट एण्ड रिटेनिङ्ग स्टक्चर | सम्पन्न | १००% |
| स्याडेल सपोटिङ्ग एण्ड रिभर क्रसिङ्ग | सम्पन्न | १००% |
| पावर हाउस एण्ड कन्ट्रोल रुम | सम्पन्न | १००% |
| स्विचयार्ड | सम्पन्न | १००% |
| हेडरेस पाइप | सम्पन्न | १००% |
| उर्जागृह र टेलरेस | सम्पन्न | १००% |
| **हाईड्रो मेकानिकल कार्य** | | |
| फेब्रिकेसन, इरेक्सन एण्ड इन्स्टलेशन अफ गेट एण्ड स्टप लग | सम्पन्न | १००% |
| पाईप जडान | सम्पन्न | १००% |
| **इलेक्ट्रो मेकानिकल कार्य** | | |
| डिजाइन, फेब्रिकेशन एण्ड ट्रान्सर्पोटेसन अफ इ.एम कार्य | सम्पन्न | १००% |
| इन्स्टलेशन अफ इ.एम इक्युप्मेण्ट | सम्पन्न | १००% |
| **ट्रान्समिशन लाईन** | | |
| पोल निर्माण तथा जडान | सम्पन्न | १००% |
| ट्रान्समिशन लाईन स्टेनिङ्ग | सम्पन्न | १००% |

**१२. आयोजनाको विद्युत खरिद सम्फौताका वखत र वित्तीय व्यवस्थापनको क्रममा आयोजनाको प्रक्षेपित लागत र व्यवसायिक उत्पादन भए पश्चातको वास्तविक लागतमा परेको फरकको विवरणः**

| विवरण | प्रारम्भिक लागत | अन्तिम लागत | वृद्धि/ह्रास |
|---|---|---|---|
| प्रि अपरेटिङ्ग खर्च | ३०,०००,००० | ३०,०००,००० | ० |
| सिभिल कार्य निर्माण लागत | ९३०,२०८,००० | १,३४७,३५८,५८४ | ४१७,१५०,५८४ |

| | | | |
|---|---|---|---|
| हाइड्रो मेकानिकल लागत | २०९,६९४,००० | ३०३,५८१,७०७ | ९३,८८७,७०७ |
| प्लान्ट तथा मेसिनरी लागत | २०८,६१४,००० | २३७,५१५,४७८ | २८,९०१,४७८ |
| ट्रान्समिसन लाइन र सबस्टेसन | १७,८१०,००० | ६३,२९३,०४२ | ४५,४८३,०४२ |
| साइट अफिस बिल्डिङ्ग | ११,३००,००० | ५,७६३,५७३ | (५,५३६,४२७) |
| कार्यालय सामाग्री तथा बन्दोबस्ती | १०,०००,००० | ५,८६५,२३५ | (४,१३४,७६५) |
| भौतिक पूर्वाधार र बन्दोबस्ती | ४०,६८०,००० | ७६,१४४,८२२ | ३५,४६४,८२२ |
| वातावरणीय क्षति न्यूनीकरण र सामाजिक योगदान | १२,५७१,००० | ४७,२३८,९९६ | ३४,६६७,९९६ |
| विस्तृत इन्जिनियरिङ्ग, आयोजना व्यवस्थापन र निरिक्षण | ९३,९००,००० | १७६,५६७,८०६ | ८२,६६७,८०६ |
| जग्गा खरीद | ६५,०००,००० | ४६,९८७,७८७ | (१८,०१२,२१३) |
| सवारी साधन | १०,०००,००० | ८२३,८०० | (९,१७६,२००) |
| इन्सुरेन्स र कर्जा व्यवस्थापन शुल्क | १६,४७७,००० | १७,६४०,२१६ | १,१६३,२१६ |
| ब्याज पुँजीकरण | १५८,७४६,००० | ६६४,८५७,४३५ | ५०६,१११,४३५ |
| **जम्मा** | **१,८१५,०००,०००** | **३,०२३,६३८,४८३** | **१,२०८,६३८,४८३** |

बुंगल हाइड्रो लिमिटेडद्वारा प्रवर्द्धित माथिल्लो सानिगाड जलविद्युत आयोजना (१०.७० मे.वा.)को निर्माण समयमै सम्पन्न नहुनु र लागत वृद्धि हुनुका कारणहरू यसप्रकार रहेका छन्ः

१. आयोजनाको सुरुको डिजाएन तथा लेआउटमा परिवर्तन भएको कारणले गर्दा सिभिल लागतमा वृद्धि हुन गएको छ।
२. Tunnel निर्माण क्रममा टनेलमा void पटक पटक परेको हुँदा उक्त void लाई मर्मत सम्भार गर्दा धेरै समय लाग्न गएकोले सिभिल लागतमा बृद्धी हुन गएको छ।
३. वित्त तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन सँगै बढ्न गएको बैंकको चर्को ब्याजदर।
४. वैश्विक महामारी कोभिड १९ र यसको कारण देशमा पटक पटक लागू भएको बन्दाबन्दी (लकडाउन) र यो सँगै विश्व अर्थतन्त्रमा परेको असर।
५. मौसमी तथा बैमौसमी अतिवृष्टि र अनावृष्टिको कारण उत्पन्न बाढि तथा पहिरो लगायत प्राकृतिक प्रकोपबाट सिर्जित काबु बाहिरको परिस्थितिहरू।
६. सुदुरपश्चिम क्षेत्रमा पटक पटक मध्यम तथा साना भुकम्प गएको कारण बाटो अबरुद्ध हुन गई आयोजनामा पुगेको प्रत्यक्ष तथा अप्रत्यक्ष क्षति।
७. आयोजनास्थलको विकट भौगोलिक जटिलता।
८. ट्रान्समिसन लाईनको डिजाइनमा भएको परिवर्तन (३३ केभीए बाट १३२ केभीएमा परिवर्तन गरिएको)।
९. स्थानीय स्तरमा उत्पन्न हुने सामाजिक समस्याहरू।
१०. माथी उल्लिखित कारणले गर्दा आयोजना समयमै सम्पन्न हुन नसकेकोले पनी लागतमा वृद्धि हुन गएको छ।

**१३. संगठित संस्था र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् ।**

(१) माथिल्लो सानीगाड जलविद्युत आयोजनाबाट वार्षिक ६,२७,०६,७४१ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा सुख्खायाम का महिनाहरु (पौष, माघ, फाल्गुण र चैत्र) सम्मको लागि १,२५,४१,६६४ किलोवाट घण्टा र बर्षायाम का महिनाहरु (बैशाख देखि मार्ग) सम्मको लागि ५,०१,६५,०७७ किलोवाट घण्टा निर्धारण गरिएको छ । उर्जा तालिका निम्न बमोजिम रहेको छ।

| Month | Days | River Discharge (m³/sec) | Discharge for Power Generation (m³/sec) | Net Head (m) | Average Power (kW) | Maximum Power (kW) | Energy for PPA (Provided data) | Line Loss | Net As per calculation | PPA Rate (Rs/ Unit) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बैशाख | ३१ | १.४१ | १.२८० | ३८४.७३ | ४,१२० | ५,३१५ | ३,०६५,१५७ | १२२,६०६ | २,९४२,५५१ | ४.८० | वर्षा याम |
| जेठ | ३१ | २.१९ | २.०६० | ३८१.३६ | ६,५९४ | १०,५९३ | ४,९०५,८३७ | १९६,२३३ | ४,७०९,६०४ | ४.८० | |
| असार | ३२ | ११.७५ | ३.४०० | ३७१.९४ | १०,५९३ | १०,५९३ | ८,१३५,४२४ | ३२५,४१७ | ७,८१०,००७ | ४.८० | |
| साउन | ३१ | २१.३१ | ३.४०० | ३७१.९४ | १०,५९३ | १०,५९३ | ७,८८१,१९२ | ३१५,२४८ | ७,५६५,९४४ | ४.८० | |
| भाद्र | ३१ | १९.२३ | ३.४०० | ३७१.९४ | १०,५९३ | १०,५९३ | ७,८८१,१९२ | ३१५,२४८ | ७,५६५,९४४ | ४.८० | |
| असोज | ३१ | १०.०१ | ३.४०० | ३७१.९४ | १०,५९३ | १०,५९३ | ७,८८१,१९२ | ३१५,२४८ | ७,५६५,९४४ | ४.८० | |
| कार्तिक | ३० | ४.२७ | ३.४०० | ३७१.९४ | १०,५९३ | १०,५९३ | ७,६२६,९६० | ३०५,०७८ | ७,३२१,८८२ | ४.८० | |
| मंसिर | २९ | २.३२ | २.१९० | ३८०.६२ | ७,००९ | ९,३६४ | ४,८७८,३३४ | १९५,१३३ | ४,६८३,२०१ | ४.८० | |
| पौष | ३० | १.८१ | १.६८० | ३८३.२० | ५,३९१ | ६,८५१ | ३,८८१,५०० | १५५,२६० | ३,७२६,२४० | ८.४० | सुख्खा याम |
| माघ | २९ | १.५२ | १.३९० | ३८४.३३ | ४,४८८ | ५,५०२ | ३,१२३,६३७ | १२४,९४५ | २,९९८,६९१ | ८.४० | |
| फागुन | ३० | १.५१ | १.३८० | ३८४.३७ | ४,४५२ | ५,४२८ | ३,२०५,१४४ | १२८,२०६ | ३,०७६,९३८ | ८.४० | |
| चैत | ३० | १.३६ | १.२३० | ३८४.८८ | ३,९६४ | ५,०२१ | २,८५३,९५२ | ११४,१५८ | २,७३९,७९४ | ८.४० | |
| | | | | | | | **६५,३१९,५२१** | **२,६१२,७८१** | **६२,७०६,७४१** | | |

(२) विद्युतको खरीद मूल्य वर्षा यामका ८ महिनाहरू (बैशाख देखि मार्ग) सम्मका लागि प्रति किलोवाट घण्टा रु. ४/८० र हिउँदका ४ महिनाहरु (पौष देखि चैत्र ) सम्मको लागि प्रति किलोवाट घण्टा रु.९/४० तोकिएको छ । यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक बर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक बर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ पटकसम्म मूल्य वृद्धि दिइ निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| अवधि व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (षौष देखि चैत्र सम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट) | कैफियत |
|---|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० | लागु भैसकेको |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ | लागु हुने |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ | लागु हुने |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ | लागु हुने |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ | लागु नहुने |
| ६१औं महिना देखि ७२ औं महिना सम्म | ९।६६ | ५।५२ | लागु नहुने |

माथि जेसुकै लेखिएको भएता पनि व्यपारिक उत्पादन शरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मूल्या बृद्धि दिई कायम गरिने छ ।

(क)RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईने छैन।

(३) प्राधिकारणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा उपरोक्त दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानि गर्ने छ।

(४) मासिक बिलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यपारिक वर्गका ग्राहकहरुलाई लागु हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्राको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्ने छ वा सो रकम मासिक विलिङ्गमा समायेजन गरिनेछ।

(५) व्यपारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परिक्षण कार्य सम्पन्न भएमा प्रधिकारणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ।

(६) आयोजनाहरुबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरणः

| | |
|---|---|
| सुख्खा यामको कूल इनर्जी (Kwh) | १,२५,४१,६६४ |
| बर्षा यामको कूल इनर्जी (Kwh) | ५,०१,६५,०७७ |
| जम्मा वार्षिक इनर्जी (Kwh) | ६,२७,०६,७४१ |

**कम्पनीको प्रबन्धकपत्रको दफा (४) को उपदफा (१) अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छन् :**

क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी तथा विदेशी संघ, संस्था तथा नीजि उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, सञ्चालन, मर्मत संभार आदि कार्य गर्ने।

ख) नेपाल प्राधिकरण जस्ता समान उदेश्य भएका अन्य संस्था वा कम्पनीहरुसँग सम्पक गरी पारस्परीक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रिय प्रसारण लाईन मार्फत बिक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भुमिका निर्वाह गर्ने।

ग) नेपाल सरकारको सम्बन्धीत निकायको स्वीकृती लिई नेपाल राज्यमा नदी नालाहरुबाट विभिन्न स्तरका जल विद्युत आयोजना निर्माण गरी संचालन गर्ने। वायु शक्ति, डिजल प्लान्ट वा अन्य विकसित प्रविधिसँग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका योजनाहरु तर्जुमा गरी विद्युत उत्पादन गर्ने।

घ) नेपाल विद्युत प्रधिकारणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरुको पुनः संचालन गर्ने, विद्युत उत्पादन बृद्धिको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसँग सम्बन्धीत सेवा व्यवसाय गरी विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने।

ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याति प्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसँग सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरुमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युतशक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने।

च) विद्युत प्रसारणका लागि विभिन्न भोल्टेजका ट्रान्समिसन लाइनहरुको अध्ययन, निर्माण, मर्मत, संभार तथा सञ्चालन सम्बन्धी काम गर्ने।

छ) विद्युत सम्बन्धी उपकरणहरु, मेशिन औजारहरु, सामान विदेशबाट आयात तथा खरीद गरि उपयोग गर्ने, बिक्री वितरण गर्ने, एजेन्सीको कार्य गर्ने।

ज) जलविद्युत, बैंक, वीमा, सिमेन्ट तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने।

झ) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :

अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

आ) वातावरण, भौगर्भीक, जल तथा मौसम र आर्थिक सामाजिक बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

इ) जलविद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने ।

ई) नविकरणीय उर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।

उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

ऊ) सम्बन्धित निकायको स्वीकृति लिई देश भित्र रहेका खनिज तथा अन्य उद्योगहरुको पहिचान गर्ने, संभाव्य क्षेत्रको अध्ययन गर्ने, उत्खनन गर्ने, निर्माण तथा संचालन गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : यस कम्पनीको कुनै सहायक कम्पनी नरहेको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

१ **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : जलविद्युत आयोजनाको निर्माण, संचालन र ब्यवस्थापन गर्ने ।

२ **प्रयोग भएको वा गरिने प्रविधि** : बुंगल नगरपाालिका भई बग्ने सानिगाड खोलाको बहावको पानी सदुपयोग हुने गरी १०.७० मे.वा. मिथिल्लो सानिगाड जलविद्युत आयोजना बाट उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, सेटलिङ बेसिन, हेडरेस टनेल,सर्जशाफ्ट, पेनस्टक पाइप, विद्युत गृह आदि संरचना रहेका छन् । आयोजनाबाट १०.७० मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा ५५७० किलोवाट क्षमताका २ वटा होराईजेन्टल एक्सिस् पेल्टन टर्वाइन र ६२९५ केभिए क्षमता, ०.८५ पावर फ्याक्टर तथा ११ केभि रेटेड भोल्टेज भएका २ वटा जेनेरेटरहरु प्रयोग गरिएको छ।

३ **कुनै ब्रान्ड नेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

४ **संगठित संस्थाले ओगटेको बजार क्षेत्र** : उत्पादित बिद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

५ **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:** भबिष्यमा थप नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन गरी निर्माण, प्रवर्द्धन तथा संचालन गर्ने ।

६ **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : विद्युत खरीद बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्ने ।

७ **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति** : कम्पनीबाट निर्माणाधिन माथिल्लो सानिगाड जलविद्युत आयोजनाको उत्पादन क्षमता १०.७० मेगावाट रहेको र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिएको छ। बझाङ जिल्ला, बुंगल नगरपाालिका भई बग्ने सानिगाड खोलाको बहाव सदुपयोग हुने गरी १०.७० मे.वा माथिल्लो सानिगाड जलविद्युत आयोजना निर्माण गरिएको छ । यस आयोजनाबाट उत्पादन भएको विद्युत्तीय उर्जालाई १३२ के.भी. को सिङ्गल सर्किट विद्युत प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको दार्चुला जिल्लाको चमेलिया स्थित बलाँच सब-स्टेसनमा पुऱ्याई राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिएको छ। यस आयोजनाको कुल लागत रु. ३,०२३,६३८,४८३/- रहेको छ भने यस कम्पनीको विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन (RCOD) सुरु गर्नुपर्ने मिति २०७६ भाद्र २९ गते रहेकोमा नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच मिति २०७९ साल श्रावण २६ भएको सम्झौता बमोजिम विद्युत उत्पादन सुरु गर्नपुर्ने, (RCOD) मिति २०७७ पौष १ गते सम्म थप गरिएको थियो । सो पश्चात नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच मिति २०७९ साल फाल्गुण ३० गते भएको सम्झौता बमोजिम विद्युत उत्पादन सुरु गर्नपुर्ने, (RCOD) मिति २०७८ मंसिर २९ सम्म थप गरिएको र नेपाल विद्युत प्राधिकरणको मिति २०८०/०६/०९ को पत्र बमोजिम व्यापारिक विद्युत उत्पादन (COD) मिति २०८०/०५/०२ गते निर्धारण भएको छ। उक्त मिति २०८०/०५/०२ गतेबाट यस जलविद्युत आयोजनाले ब्यवसायिक उत्पादन शुरु गरी संचालनमा रहेको छ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धिता** : सानी गाडबाट प्राकृतिक बहावमा आधारित पानी हो ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** जलविद्युत संरचना र बिद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक ब्यवस्था गरिएको छ । यस आयोजनाको सम्पुर्ण संरचना जस्तै Hydro-Mechanical works, Electro-Mechanical works, Civil works (Headworks, Powerhouse Transmission Line, Machinery breakdown) लगायतका कुरालाई मध्यनजर गरी Insurance गरिएको छ साथै मर्मत सम्भारका लागि पनि सोहि अनुसार व्यवस्था गरी उचित वातावरणमा राखिएको छ ।

(१०) **अनुसन्धान तथा विकाशः** नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्य गर्ने योजना रहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी त्यस्तो कुनै वाधा, व्यवधान रहेको छैन ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** विद्युत खरीद बिक्री सम्झौता अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँग यस आयोजनाबाट उत्पादित विद्युत खरीदको प्रत्याभूति भएको हुँदा यस आयोजनाको लाइसेन्स अवधिभर पुर्वनिर्धारित मुल्यमा खरीद गर्ने सम्झौता भएकाले बजार सुनिश्चित रहेको र अन्य समान उद्योगहरु बीच प्रतिस्पर्धा नरहेको ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरणः** उत्पादित सम्पूर्ण विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने सम्झौता भएकोले बजारको लागि नेपाल विद्युत प्राधिकरणमा निर्भर रहनु पर्ने ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तैः संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण):** सो नभएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः**

आ.व. २०८०/०८१ आषाढ मसान्त सम्मको सम्पत्तिको विवरण :

**सम्पत्तिको विवरण :**

| विवरण | परल मुल्य | संचित ह्रासकट्टी | खुद मुल्य | स्थान | अवस्था |
|---|---|---|---|---|---|
| भवन | ५,७६३,५७३ | २९४,७३८ | ५,४६८,८३५ | प्रोजेक्ट साइट | चालु अवस्थामा रहेको |
| अफिस उपकरण | १,१०२,८०३ | ३८३,८५७ | ७१८,९४६ | हेड अफिस र प्रोजेक्ट साइट | चालु अवस्थामा रहेको |
| फर्निचर एण्ड फिक्सचर्स | ३,८२२,९२२ | २,२०१,८३३ | १,६२१,०८९ | हेड अफिस र प्रोजेक्ट साइट | चालु अवस्थामा रहेको |
| कम्प्युटर | ९३२,०१७ | ९३२,०१७ | - | प्रोजेक्ट साइट | चालु अवस्थामा रहेको |
| सम्पत्ति, मेशिन तथा उपकरणहरुको (खरिद)/बिक्री | (६३६,७१३) | (४,९२५) | (९७३) |
| पूँजीगत कार्य प्रगति (Capital WIP) मा (वृद्धि)/कमी | - | (६९५,२२३) | (१४१,७४३) |
| अन्य लगानीमा (वृद्धि)/कमी | - | - | - |
| नगद तथा नगद सरहबाहेको अन्य बैंक मौज्दात | ६,२९६ | १६९ | ३२१ |
| **लगानी गतिबिधिहरुबाट नगद प्रवाह** | (६३०,४१८) | **(६६९,९८०)** | **(१४२,३९४)** |
| **वित्तिय गतिविधिहरुबाट नगद प्रवाह** | | | |
| व्यक्तिगत तवरबाट शेयर निष्काशन | - | - | ८३,७८० |
| अग्रिम शेयर आबेदन रकम | ५७,८०१ | ५१,३६४ | (७८,४०८) |
| संचालकहरुलाई अग्रिम भूक्तानी | - | - | - |
| ऋण तथा सापटी (भुक्तानी)/थप | १९३,५८० | ५२२,०७४ | २५६,२३२ |
| ब्याज भुक्तानि | (१६१,९८९) | - | (२५९,१०६) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | ८९,३९२ | **५७३,४३८** | **२,४९९** |
| **नगद र नगद सरहमा खुद वृद्धि/कमी** | ७२८ | **३,२९७** | **(२,२७३)** |
| नगद तथा नगद सरहको शूरु मौज्दात | ६,६४६ | ७,३७४ | १०,६६८ |
| **नगद तथा नगद सरहको अन्तिम मौज्दात** | ७,३७४ | **१०,६६८** | **८,३९६** |

***आ.व २०७८/७९ तथा आ.व २०७९/८० को पुन : गरिएको (Restated) नगद प्रवाह विवरण**

## इक्युटीमा भएको परिवर्तन

**रु. हजारमा**

| विवरण | शेयर पूँजी | अग्रिम शेयर आबेदन रकम | जगेडा तथा कोषहरु संचित जगेडा | जम्मा |
|---|---|---|---|---|
| **आषाढ ३१, २०७८ को मौज्दात** | **३१३,०६७** | **१११,१७६** | **-** | ४२४,२४३ |
| यस वर्षको नाफा - IFRIC 12 | - | - | १७८,८९७ | १७८,८९७ |
| शेयर पूँजीको निष्काशन | १४१,९३३ | (८४,१३३) | - | ५७,८०१ |
| **असार ३२, २०७९ को मौज्दात** | **४५५,०००** | **२७,०४४** | **१७८,८९७** | **६६०,९४१** |
| यस वर्षको नाफा - IFRIC 12 | - | - | ५१४९८ | ५१,४९८ |

| | | | | |
|---|---|---|---|---|
| शेयर पूँजीको निष्काशन | | ५१,३६४ | - | ५१,३६४ |
| **असार ३१, २०८० को मौज्दात** | **४५५,०००** | **७८,४०८** | **२३०,३९५** | **७६३,८०३** |
| यस वर्षको नाफा | - | - | (२२४,९१३) | (२२४,९१३) |
| शेयर पूँजीको निष्काशन | ८४,५०० | (७८,४०८) | - | ६,०९२ |
| **शेयर पूँजी (निष्काशन खर्च अघि)** | **५३९,५००** | **-** | **५,४८२** | **५४४,९८२** |
| शेयर निष्काशन खर्च | (७२०) | - | - | (७२०) |
| **असार ३१, २०८१ को मौज्दात** | **५३८,७८०** | **-** | **५,४८२** | **५४४,९८३** |

**नोट :**

**क)** यस कम्पनीले नेपाल लेखा मानक NFRS (Nepal Financial Reporting Standards) लाई पुर्णरुपमा पालना गर्ने क्रममा, हालै गरिएको विस्तृत लेखा मूल्यांकनका आधारमा, जलविद्युत परियोजनामा सेवा सम्झौता व्यवस्था (Service Concession Arrangements) लागू गरेको छ। आर्थिक वर्ष २०८०/८१ देखि IFRIC 12 को कार्यान्वयन गरी वित्तीय विवरणलाई नेपाल लेखा मानक NFRS (Nepal Financial Reporting Standards) अनुरूप बनाउने तथा पारदर्शिता / True and Fair view अभिवृद्धि गर्ने विश्वास गरिएको छा यस जलविद्युत कम्पनीद्वारा IFRIC 12 लागु गराउनका आधारहरू निम्न बमोजिम रहेको छन्ः

- IFRS **सँग मिल्दो लेखा मानक (**NFRS**) को अवलम्बन** - नेपाल लेखा मानक बोर्ड (ASB) ले नेपाल वित्तीय प्रतिवेदन मानक (NFRS) लागू गरेको छ, जुन अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मानक (IFRS) सँग मेल खान्छ। यसमा IFRIC 12 सहितका सबै IFRIC व्याख्याहरू समावेश छन्।
- **सार्वजनिक-निजी साझेदारी (**PPP**) मा यसको आवश्यकता** - नेपालमा धेरै पूर्वाधार परियोजनाहरू, विशेष गरी जलविद्युत्, सडक, र सञ्चार क्षेत्रमा सार्वजनिक-निजी साझेदारी अन्तर्गत सञ्चालन हुन्छन्। IFRIC 12 यस्ता सेवा सम्झौता (Service Concession Arrangements) को लेखा पद्दति निर्धारण गर्न प्रयोग गरिन्छ।
- **सरकारी नियन्त्रण अन्तर्गतको पूर्वाधारको लेखा चित्रण** - यदि कुनै निजी कम्पनीले सरकारले स्वामित्वमा राख्ने पूर्वाधार निर्माण तथा सञ्चालन गर्छ भने, IFRIC 12 अनुसार सो पूर्वाधारको प्रत्यक्ष स्वामित्व निजी कम्पनीको हिसाब किताबमा देखाइँदैन, तर वित्तीय सम्पत्ति वा अमूर्त सम्पत्तिको रूपमा चित्रण गरिन्छ।
- **वित्तीय पारदर्शिता र अन्तर्राष्ट्रिय अभ्यास** - IFRIC 12 को पालना गर्दा वित्तीय विवरणहरू अन्तर्राष्ट्रिय रूपमा मान्य मानक अनुरूप तयार हुन्छन्, जसले लगानीकर्ताहरू, नियामक निकायहरू, तथा सरोकारवालाहरूलाई विश्वसनीय सूचना उपलब्ध गराउँछ।
- कम्पनीले निर्माण गरिरहेको आयोजना नेपाल सरकार (नेपाल विद्युत प्राधिकरण) सँग गरीएको सम्झौताको आधारमा ३० ( पैतिस) वर्षका लागि निर्माण तथा संचालन गर्ने र उक्त समय समाप्त भएपश्चात सो परियोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ। यसरी BOOT (Built Own Operate Transfer) विधिमा रही निर्माण गरीने परियोजनाको हकमा NFRS प्रणाली अनुसार IFRIC 12 (Service Concession Arrangement) र क्रमशः NAS 11 (Construction Contract) सिद्धान्तहरु आकर्षित हुन्छ। उक्त सिद्धान्तहरु अनुसार परियोजनाबाट भविष्यमा हुने आम्दानीको हिसाव गरी परियोजना निर्माणको क्रममा पनि उल्लेख गर्नुपर्ने हुन्छ। सो सिद्धान्तहरु कम्पनीले तयार गरेको वित्तिय विवरणमा विस्तृत रुपमा खुलाईएको छ। NAS 11 (Construction Contract) सिद्धान्त अनुसार गरीएको हिसाबको विवरण निम्न बमोजिम रहेको छ।

| विवरण | असार मसान्त २०८१<br>रकम (रू.) | असार मसान्त २०८०<br>रकम (रू.) | असार मसान्त २०७९<br>रकम (रू.) |
|---|---|---|---|
| Contract Revenue Recognized | १४,१७,४२,५८५ | ६९,५२,२३,४७३ | २,४१,५१,१४,६८६ |
| Total Amount of Contract Cost Incurred and Recognized as Intangible Asset (Note 17) | १३,१२,४३,१३४ | ६४,३७,२५,४३८ | २,२३,६२,१७,३०२ |
| Notional Profit Recognized Under IFRIC 12 | १,०४,९९,४५१ | ५,१४,९८,०३५ | १७,८८,९७,३८४ |

- हाम्रो जलविद्युत कम्पनीले आ.ब. २०८०।८१ बाट IFRIC 12 को कार्यान्वयन गरेसँगै परियोजना लागत लेखाङ्कनको लेखा नीतिमा परिवर्तन आएको छ। उक्त परिवर्तनका कारण **नेपाल लेखामान ८ "लेखा नीतिहरू, लेखा अनुमानहरूको**

**परिवर्तन र त्रुटि"** (**Accounting Policies, Changes in Accounting Estimates and Errors)** अनुसार वित्तीय विवरणमा सुधार आवश्यक भएकोले, यस परिवर्तनको प्रभाव विगतका वर्षहरूमा पनि लागू (Retrospective Application) गरिएको कारणले गर्दा यस अघि पेश गरिएको विवरण पत्र र सो सँग संलग्न गरिएको आ.व. २०७८।७९ र २०७९।८० को वित्तीय विवरण र हाल पेश गरिएको अद्यावधिक वित्तीय विवरणहरु फरक देखिन आएको व्यहोरा जनाउन चाहन्छौं।

**ख)** बिद्युत उत्पादन मिति २०८०/०५/०२ सम्म ब्याजको पूँजीकरण गर्ने प्रावधान भएको हुनाले उक्त समय सम्म लागेको व्याज रकम रु. ६६.४८ करोड लाई निम्नबमोजिम पूँजीकरण गरिएको छ।

| आर्थिक वर्ष | पूँजीकरण रकम (रु. करोड) |
|---|---|
| २०७५/७६ | २.६४ |
| २०७६/७७ | ८.५३ |
| २०७७/७८ | १२.२६ |
| २०७८/७९ | १६.१९ |
| २०७९/८० | २४.२४ |
| २०८०/८१ | २.६० |
| **कुल रकम** | **६६.४८** |

**(ग)** हालसम्म नेटवर्थमा उल्लेखनीय प्रभाव पार्न सक्ने संभावित दायित्व रहेको छैन।

**(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :**

**वासलात**

**रु.हजारमा**

| विवरण | अपरिष्कृत<br>चैत्र मसान्त २०८१ |
|---|---|
| **सम्पत्ती** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट र उपकरण | |
| मूर्त सम्पत्ति | १२,४७१ |
| कमः संचित मूल्यह्रास | ४,९३१ |
| मूर्त सम्पत्तिको नेट ब्लक | ७,५३९ |
| निर्माणाधीन अमूर्त सम्पत्तिहरू | |
| अमूर्त सम्पत्ति | ३,२५२,०८१ |
| कमः संचित मूल्यह्रास | १९५,४३२ |
| मूर्त सम्पत्तिको नेट ब्लक | ३,०५६,६४९ |
| **जम्मा गैर चालु सम्पत्ति** | **३,०६४,१८८** |
| **चालु सम्पत्ति** | |
| पूँजीगत अग्रिम भुक्तानी | ३,०९८ |
| वित्तीय सम्पत्ति | |
| नगद तथा नगद समान | ९,३७१ |
| नगद तथा नगद सरह बाहेक बैक मौज्दात | २,०९४ |
| अन्य वित्तिय सम्पत्ति | २२,९९४ |
| अन्य सम्पत्ति | २२.६५६ |
| **जम्मा चालु सम्पत्ति** | **६०,२१२** |

| | |
|---|---|
| **जम्मा सम्पत्ति** | **३,१२४,४०१** |
| **पूँजी र दायित्वहरु** | |
| **पूँजी** | |
| शेयर पूँजी | ५३८,७८० |
| शेयर पूँजीको अग्रिम भुक्तानी | |
| जगेडा कोष र सचित नाफा | (४१,५७०) |
| **जम्मा पूँजी** | **४९७,२०९** |
| **दायित्व** | |
| **गैर चालु दायित्वहरु** | |
| **वित्तिय दायित्व** | |
| ऋण तथा सापटी | २,१०४,००१ |
| अन्य वित्तिय दायित्व | - |
| **जम्मा गैर चालु दायित्वहरु** | **२,१०४,००१** |
| **चालु दायित्वहरु** | |
| ऋण तथा सापटी | |
| बैक ऋण | २६,५२० |
| अल्पकालिन ऋण | २५७,४९६ |
| अन्य ऋण | ६६० |
| अन्य दायित्व हरु | ३२० |
| अन्य वित्तिय दायित्वहरु | २३७,७९४ |
| **जम्मा चालु दायित्वहरु** | **५२२,७९०** |
| **जम्मा दायित्वहरु** | **३,१२४,४०१** |

## नाफा/नोक्सान हिसाब

**रु.हजारमा**

| विवरण | अपरिष्कृत<br>चैत्र मसान्त २०८१ |
|---|---|
| विद्युत बिक्रीबाट कुल आम्दानी | २२१,२१५ |
| अन्य आम्दानी | - |
| काल्पनिक लाभ | - |
| **कुल आम्दानी** | २२१,२१५ |
| **क्म** | |
| संचालन ढिला भएवापत शुल्क | - |
| छोटो आपूर्ति दण्ड | ८,१७७ |
| **संचालन खर्च** | |
| *कर्मचारी खर्च* | ९,७६९ |
| *विमा खर्च* | ५,१२३ |
| *अन्य संचालन तथा व्यवस्थापन खर्च* | १,५९८ |
| आवधिक ऋणको व्याज | १३४,५१२ |
| कार्य पूँजीमा ऋण मा ब्याज | १५,९२६ |
| सरकारलाई रोयल्टी भुक्तानी | ४,४२४ |
| ह्रास कट्टी | ६८८ |
| परिषोधन | ८८,०५० |

| | |
|---|---|
| अन्य बैक चार्ज | - |
| प्रतिस्थापन तथा मर्मत खर्च | - |
| **जम्मा खर्च** | **२६८,२६८** |
| **कर अघिको खुद नाफा** | **(४७,०५३)** |
| **बोनस प्रावधान पछि नाफा** | **-** |
| कर २०% | - |
| **कर पछि नाफा** | **(४७,०५३)** |
| कमः इक्विटी शेयरधारकहरूलाई लाभांश | - |
| **चालु वर्षको नाफा (लाभांश पछि)** | **(४७,०५३)** |
| जोडः अघिल्लो बर्ष | ५,४८३ |
| **रिजर्भ ब्यालेन्स शीटमा स्थानान्तरण** | **(४१,५७०)** |
| लाभांश दर (%) | - |
| इक्विटी पूंजी | ५३८,७८० |
| लाभांशको लागि रकम | - |

**नगद प्रवाह विवरण**

**रु.हजारमा**

| विवरण | अपरिष्कृत<br>चैत्र मसान्त २०८१ |
|---|---|
| **संचालन गतिबिधिहरुबाट नगद प्रवाह** | |
| यस बर्षको कुल नाफा/(नोक्सान) | (४७,०५३) |
| **समायेजनः** | |
| सम्पत्ति, मेशिन तथा उपकरणहरुको ह्रास कट्टि | ६८८ |
| अमूर्त स्थिर सम्पत्तिहरूको परिशोधन | ८८,०५० |
| वित्तिय लागत | १५०,४३९ |
| कार्यशील पूंजी समायोजनः | |
| अन्य वित्तिय सम्पत्तिमा कमी/(वृद्धि) | (११,२३६) |
| वित्तिय दायित्वमा (कमी)/वृद्धि | (१३,१०५) |
| **संचालन गतिबिधिहरुबाट खुद नगद प्रवाह** | **१६७,७८२** |
| **लगानी गतिबिधिहरुबाट नगद प्रवाह** | |
| **नगद प्रवाह बाट / (प्रयोग गरिएको) लगानी गतिविधिहरु** | |
| सम्पत्ति, मेशिन तथा उपकरणहरुको (खरिद)/बिक्री | (१८) |
| अन्य लगानीमा (वृद्धि)/कमी | - |
| नगद तथा नगद सरहबाहेको अन्य बैंक मौज्दात | (१,३७१) |
| **लगानी गतिबिधिहरुबाट खुद नगद प्रवाह** | **(१,३८९)** |
| **वित्तिय गतिविधिहरुबाट नगद प्रवाह** | |
| साधारण शेयर जारीबाट प्राप्त रकम | - |
| लाभांश भुक्तानी | - |
| ऋण तथा सापटी (भुक्तानी)/थप | (१४,९८०) |
| ब्याज भुक्तानि | (१५०,४३९) |
| **वित्तिय गतिबिधिहरुबाट खुद नगद प्रवाह** | **(१६५,४१८)** |
| **सम्पूर्ण गतिबिधिहरुबाट खुद नगद प्रवाह** | **९७५** |
| नगद तथा बैंकमा रहेको यस बर्षको शूरु मौज्दात | ८,३९६ |

| | |
|---|---|
| **नगद तथा बैंकमा रहेको यस बर्षको अन्तिम मौज्दात** | ९,३७१ |

**इक्युटीमा भएको परिवर्तन**

**(आ.व.२०८१/०४/०१ देखी चैत्र मसान्त २०८१ सम्म )**

**रु. हजारमा**

| विवरण | शेयर पूँजी | अग्रिम प्राप्त रकम | संचित मुनाफा | जम्मा |
|---|---|---|---|---|
| **आषाढ मसान्त, २०८१ मा भएको मौज्दात** | ५३८,७८० | - | ५,४८३ | ५४४,२६३ |
| यस वर्षको नाफा | | | (४७,०५३) | (४७,०५३) |
| अन्य विस्तृत आम्दानी | | | | - |
| कुल विस्तृत आम्दानी | | | | - |
| शेयर निष्काशन | | | | - |
| **चैत्र मसान्त, २०८१ मा भएको मौज्दात** | ५३८,७८० | - | (४१,५७०) | ४९७,२१० |

**(घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** हालसम्म आयोजनाको अस्वभाविक आम्दानी तथा खर्च नभएको।

**(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणाः**सो नभएको ।

**(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

**(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

**रु.हजारमा**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| **सम्पत्ती** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| **सम्पत्ति, प्लान्ट र उपकरण** | | | |
| मूर्त सम्पत्ति | १२,४७१ | १२,४७१ | १२,४७१ |
| कमः संचित मूल्यह्रास | ५,१६१ | ६,०७८ | ६,९९६ |
| मूर्त सम्पत्तिको नेट ब्लक | **७,३१०** | **६,३९२** | **५,४७५** |
| निर्माणाधीन अमूर्त सम्पत्तिहरू | | | |
| अमूर्त सम्पत्ति | ३,२५२,०८१ | ३,२५२,०८१ | ३,२५२,०८१ |
| कमः संचित मूल्यह्रास | २२४,७८२ | ३४२,१८२ | ४५९,५८२ |
| मूर्त सम्पत्तिको नेट ब्लक | **३,०२७,२९९** | **२,९०९,८९९** | **२,७९२,४९९** |

| | | | |
|---|---|---|---|
| **जम्मा गैर चालु सम्पत्ति** | ३,०३४,६०९ | २,९१६,२९१ | २,७९७,९७४ |
| **चालु सम्पत्ति** | | | |
| पूँजीगत अग्रिम भुक्तानी | ३,०९८ | - | - |
| वित्तीय सम्पत्ति | | | |
| नगद तथा नगद समान | १५,०९४ | ६३,१७७ | ११९,६९९ |
| नगद तथा नगद सरह बाहेक बैक मौज्दात | २,०९४ | ३०० | ३०० |
| अन्य वित्तिय सम्पत्ति | १६,००१ | - | - |
| अन्य सम्पत्ति | ६१,८९७ | ६३,७५४ | ६५,६६६ |
| **जम्मा चालु सम्पत्ति** | **९८,१८३** | **१२७,२३१** | **१८५,६६५** |
| **जम्मा सम्पत्ति** | **३,१३२,७९२** | **३,०४३,५२२** | **२,९८३,६३९** |
| **पूँजी र दायित्वहरु** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ८२९,२८० | ८२९,२८० | ८२९,२८० |
| शेयर पूँजीको अग्रिम भुक्तानी | | | |
| जगेडा कोष र सचित नाफा | (५३,३२१) | (५,६८०) | ५८,५८६ |
| **जम्मा पूँजी** | **७७५,९५९** | **८२३,६००** | **८८७,८६६** |
| **दायित्व** | | | |
| **गैर चालु दायित्वहरु** | | | |
| **वित्तिय दायित्व** | | | |
| ऋण तथा सापटी | २,१०७,४०० | २,०३१,२०० | १,९४७,१०० |
| अन्य वित्तिय दायित्व | - | - | - |
| **जम्मा गैर चालु दायित्वहरु** | **२,१०७,४००** | **२,०३१,२००** | **१,९४७,१००** |
| **चालु दायित्वहरु** | | | |
| ऋण तथा सापटी | | | |
| बैक ऋण | - | - | - |
| अल्पकालिन ऋण | ५०,००० | ५०,००० | ५०,००० |
| अन्य ऋण | ६६० | - | - |
| अन्य दायित्वहरु | २७० | २२० | १७० |
| अन्य वित्तिय दायित्वहरु | १९८,५०२ | १३८,५०२ | ९८,५०२ |
| **जम्मा चालु दायित्वहरु** | **२४९,४३२** | **१८८,७२२** | **१४८,६७२** |
| **जम्मा दायित्वहरु** | **३,१३२,७९२** | **३,०४३,५२२** | **२,९८३,६३९** |

**नाफा नोक्सान हिसाव**

**रु.हजारमा**

| **विवरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | **आ.व. २०८१/८२** | **आ.व. २०८२/८३** | **आ.व. २०८३/८४** |
| विद्युत बिक्रीबाट कुल आम्दानी | २९७,६६० | ३६४,९७८ | ३७५,९२७ |

| | | | |
|---|---|---|---|
| अन्य आम्दानी | - | - | - |
| काल्पनिक लाभ | - | - | - |
| **कुल आम्दानी** | **२९७,६६०** | **३६४,९७८** | **३७५,९२७** |
| **कम** | | | |
| संचालन ढिला भएवापत शुल्क | - | - | - |
| छोटो आपूर्ति दण्ड | ८,१७७ | - | - |
| **संचालन खर्च** | **२१,९८७** | **२२,२०६** | **२२,४२८** |
| कर्मचारी खर्च | १३,०२५ | १३,१५५ | १३,२८७ |
| बीमा खर्च | ६,८३१ | ६,८९९ | ६,९६८ |
| अन्य संचालन र व्यवस्थापन | २,१३१ | २,१५२ | २,१७३ |
| आवधिक ऋणको व्याज | १७९,३५० | १६५,९११ | १५९,८५३ |
| कार्य पूँजीमा ऋण मा ब्याज | २१,२३५ | २,२५० | २,२५० |
| सरकारलाई रोयल्टी भुक्तानी | ७,०२३ | ८,३७० | ८,५८९ |
| सम्पत्तिमा मूल्यह्रास | ९१७ | ९१७ | ९१७ |
| परिषोधन | ११७,४०० | ११७,४०० | ११७,४०० |
| अन्य बैक चार्ज | ३७४ | २८३ | २२३ |
| प्रतिस्थापन तथा मर्मत खर्च | - | - | - |
| **जम्मा खर्च** | **३५६,४६३** | **३१७,३३८** | **३११,६६१** |
| **कर अधिको खुद नाफा** | (५८,८०३) | ४७,६४० | ६४,२६७ |
| कर २०% | - | - | - |
| **कर पछि नाफा** | (५८,८०३) | ४७,६४० | ६४,२६७ |
| कमः शेयर शेयरधारकहरूलाई लाभांश | - | - | - |
| **चालु वर्षको नाफा (लाभांश पछि)** | (५८,८०३) | ४७,६४० | ६४,२६७ |
| जोडः अघिल्लो बर्ष | ५,४८३ | (५३,३२१) | (५,६८०) |
| **रिजर्भ वासलातमा स्थानान्तरण** | (५३,३२१) | (५,६८०) | ५८,५८६ |
| लाभांश दर (%) | - | - | - |
| **शेयर पूंजी** | **८२९,२८०** | **८२९,२८०** | **८२९,२८०** |
| लाभांशको लागि रकम | - | - | - |

**नगद प्रवाह विवरण**

**रु. हजारमा**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | आ.व.२०८३/८४ |
| **संचालन गतिबिधिहरुबाट नगद प्रवाह** | | | |

| | | | |
|---|---|---|---|
| यस बर्षको कुल नाफा/(नोक्सान) | (५८,८०३) | ४७,६४ ० | ६४,२६७ |
| **समायेजनः** | | | |
| सम्पत्ति, मेशिन तथा उपकरणहरुको ह्रास कट्टि | ९१७ | ९१७ | ९१७ |
| अमूर्त स्थिर सम्पत्तिहरूको परिशोधन | ११७,४०० | ११७,४०० | ११७,४०० |
| वित्तिय लागत | २००,९५९ | १६८,४४४ | १६२,३२६ |
| **कार्यशील पूंजी समायोजनः** | | | |
| अन्य वित्तिय सम्पत्तिमा कमी/(वृद्धि) | (४३,४८४) | १७,२४१ | (१,९१३) |
| वित्तिय दायित्वमा (कमी)/वृद्धि | (५२,४४७) | (६०,०५०) | (४०,०५०) |
| **संचालन गतिबिधिहरुबाट खुद नगद प्रवाह** | **१६४,५४२** | **२९१,५९३** | **३०२,९४८** |
| **लगानी गतिबिधिहरुबाट नगद प्रवाह** | | | |
| **नगद प्रवाह बाट / (प्रयोग गरिएको) लगानी गतिविधिहरु** | | | |
| सम्पत्ति, मेशिन तथा उपकरणहरुको (खरिद)/बिक्री | (१८) | - | - |
| अन्य लगानीमा (वृद्धि)/कमी | | | |
| नगद तथा नगद सरहबाहेको अन्य बैंक मौज्दात | (१,३७१) | १,७९४ | - |
| **लगानी गतिबिधिहरुबाट खुद नगद प्रवाह** | **(१,३८९)** | **१,७९४** | - |
| **वित्तिय गतिविधिहरुबाट नगद प्रवाह** | | | |
| साधारण शेयर जारीबाट प्राप्त रकम | २९०,५०० | - | - |
| लाभांश भुक्तानी | | | |
| ऋण तथा सापटी (भुक्तानी)/थप | (२४५,९९७) | (७६,८६०) | (८४,१००) |
| ब्याज भुक्तानि | (२००,९५९) | (१६८,४४४) | (१६२,३२६) |
| **वित्तिय गतिबिधिहरुबाट खुद नगद प्रवाह** | **(१५६,४५६)** | **(२४५,३०४)** | **(२४६,४२६)** |
| **सम्पूर्ण गतिबिधिहरुबाट खुद नगद प्रवाह** | **६,६९८** | **४८,०८३** | **५६,५२२** |
| **नगद तथा बैंकमा रहेको यस बर्षको शूरु मौज्दात** | **८,३९६** | **१५,०९४** | **६३,१७७** |
| **नगद तथा बैंकमा रहेको यस बर्षको अन्तिम मौज्दात** | **१५,०९४** | **६३,१७७** | **११९,६९९** |

## इक्युटीमा भएको परिवर्तन

## (आ.व.२०८०/०८१ देखी २०८३/०८४ सम्म ) प्रक्षेपित

**रु. हजारमा**

| विवरण | शेयर पूँजी | अग्रिम प्राप्त रकम | संचित मुनाफा | जम्मा |
|---|---|---|---|---|
| **आषाढ मसान्त, २०८० मा भएको मौज्दात** | **४५५,०००** | **७८,४०८** | **२३०,३९५** | **७६३,८०३** |
| यस वर्षको नाफा | | | (२२४,९१३) | (२२४,९१३) |
| शेयर पूँजीको निष्काशन | ८४,५०० | (७८,४०८) | | **६,०९२** |
| लाभांश वितरण | | | | - |
| शेयर निष्काशन खर्च | (७२०) | | | (७२०) |
| **आषाढ मसान्त, २०८१ मा भएको मौज्दात** | **५३८,७८०** | - | **५,४८३** | **५४४,२६२** |
| यस वर्षको नाफा | | | -५८८०३ | **(५८,८०३)** |
| शेयर पूँजीको निष्काशन | २९०५०० | | | **२९०,५००** |
| बोनस शेयर निष्काशन | | | | - |
| **आषाढ मसान्त, २०८२ मा भएको मौज्दात** | **८२९,२८०** | - | **(५३,३२१)** | **७७५,९५९** |
| यस वर्षको नाफा | | | ४७६४० | **४७,६४०** |

| | | | | |
|---|---|---|---|---|
| बोनस शेयर निष्काशन | | | | - |
| लाभांश वितरण | | | | - |
| शेयर निष्काशन खर्च | | | | - |
| **आषाढ मसान्त, २०८३ मा भएको मौज्दात** | ८२९,२८० | - | (५,६८१) | ८२३,६०० |
| यस वर्षको नाफा | | | ६४२६७ | ६४,२६७ |
| बोनस शेयर निष्काशन | | | | - |
| लाभांश वितरण | | | | - |
| शेयर निष्काशन खर्च | | | | - |
| **आषाढ मसान्त, २०८४ मा भएको मौज्दात** | ८२९,२८० | - | ५८,५८६ | ८८७,८६६ |

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

| विवरण | वृद्धि/(घटी) २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|
| **आम्दानी** | ४०% | २३% | ३% |
| **खर्चहरुः** | | | |
| कर्मचारी सेवा सुविधा | २९% | १% | % |
| विमा खर्च | (१%) | १% | १% |
| अन्य व्यवसायिक खर्च | (५४%) | १% | १% |
| व्याज ( दिर्घकालिन ऋण) | (४%) | (७%) | (४%) |
| व्याज ( चालु पुँजी ऋण) | (७०%) | (८९%) | ०% |
| रोयल्टी ( नेपाल सरकार) | ४६% | १९% | ३% |
| ह्रासकट्टी | (१६%) | ०% | ०% |
| परिसोधन | ९% | ०% | ०% |
| अन्य बैंक खर्च | ०% | (२४%) | (२१%) |
| **खुद नाफा** | (२१%) | (११%) | (२%) |
| **सम्पत्ति** | (४%) | (४%) | (४%) |

**कारणहरुः**

**१) विद्युत विक्री आम्दानी**

आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ मा विद्युत बिक्रीबाट प्राप्त हुने आम्दानीमा अघिल्लो वर्षको तुलनामा ४०% र २३% ले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ मा ११ महिना सञ्चालनमा रहेको र आर्थिक वर्ष २०८१/८२ को लागि चैत्र २०८१ सम्मको अवधि वास्तविकता (ऊर्जा उत्पादनमा वृद्धि) मा आधारित छ र बाँकी ३ महिनाको लागि मिटर ऊर्जा र पीपीए दर र वृद्धि दर ३% मा आधारित आम्दानी अनुमान गरिएको छ। २०८३/८४ अवधिको लागि आम्दानी ३% ले वृद्धि भएको छ जुन पीपीए अनुसार ३% को वृद्धि दरको कारणले हो।

**२) Late COD / Short Supply:**

आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को लागि, Late COD वास्तविक आधारमा बुक गरिएको छ। आर्थिक वष २०८२/८३ देखि कुनै Late COD / Short Supply वापतको जरिवाना नहुने प्रक्षेपण गरिएको छ।

**३) सञ्चालन खर्च :**

आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को लागि कर्मचारीको सेवा सुविधा, बीमा र अन्य सञ्चालन लागत जस्ता सञ्चालन खर्चहरू वास्तविक आधारमा बुक गरिएको र त्यसपछि आर्थिक वर्ष २०८५/८६ सम्म यस्ता खर्चहरू १% ले बढ्ने अनुमान रहेको छ।

**४) बैंक ऋणको ब्याज :**

२०८०/८१ को तुलनामा २०८१/८२ मा बैंकको दीर्घकालीन कर्जाको ब्याजदरमा कमी आएको कारण ब्याज खर्च १३% ले घटेको छ। बाँकी आ.व.हरुमा दीर्घकालीन कर्जाको सावाँ घट्न गएको कारणले ब्याज खर्च घट्ने क्रममा रहेको छ।

**५) चालु पुँजी कर्जाको ब्याज :**

आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ मा चालु पुँजी कर्जाको सावाँ भुक्तानी गरिएको कारण यसको ब्याज वापतको खर्च क्रमशः ७०% र ८९% ले घट्ने प्रक्षेपण गरिएको छ।

**६) सरकारलाई रोयल्टी :**

सरकारलाई रोयल्टी प्रत्येक वर्षको विद्युत आम्दीको २% र विद्युत क्षमताको लागि प्रति मेगावाट रु. १००,००० मा आधारित रहेको छ।

**७) परिशोधन (Amortization) :**

इजाजतपत्र अवधिभरमा अमूर्त सम्पत्ति (Intangibles Assets) लाई समान रकममा भाग लगाइएकोले परिशोधन खर्च ( Amortization Expenses) मा कुनै परिवर्तन भएको छैन।

**८) अन्य बैंक शुल्कहरू :**

बैंक ऋणको सावाँ रकम घट्दो क्रममा रहेको हुनाले सो सम्बन्धीत शुल्कहरु पनि घट्दै जाने प्रक्षेपण गरिएको छ।

**९) खुद नाफा/नोक्सान :**

प्रत्येक वर्ष विद्युत बिक्री दर ३% को दरले वृद्धि भएको र उत्पादनमा वृद्धिको कारणले आम्दानीमा वृद्धि भएको साथै आईपीओ जारीबाट प्राप्त हुने रकमले कर्जा भुक्तानी गरेपछि, ब्याज खर्चमा कमी हुनाले वित्त लागत घट्दै जाने प्रक्षेपण गरिएको छ। सोही कारणहरुले खुद नाफामा वृद्धि हुने प्रक्षेपण गरिएको छ।

**१०) सम्पत्तिहरू :**

परिशोधन (Amortization )/मूल्यह्रासकट्टीका कारण सम्पत्तिको मूल्य घट्दै जने प्रक्षेपण गरिएको छ।

**नोटः** आ.व. २०८०/८१ देखी विद्युत उत्पादन शुरुवात भएको हुँदा सो आ.व. को वृद्धी/घटी संलग्न नगरीएको।

### ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :

**(क)संचालन अवधि तीन बर्ष ब्यतीत भईसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भईनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छः

रु.हजारमा

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व २०७८/०७९ | आ.व २०७९/०८० | आ.व २०८०/०८१ | चैत्र मसान्त २०८१ | आ.व २०८१/०८२ | आ.व २०८२/०८३ | आ.व २०८३/०८४ |
| शेयर पूँजी | ४५५,००० | ४५५,००० | ५३८,७८० | ५३८,७८० | ८२९,२८० | ८२९,२८० | ८२९,२८० |
| जगेडा कोष तथा संचित नाफा (रु.) | १७८,८९७ | २३०,३९५ | ५,४८३ | (४१,५७०) | (५३,३२१) | (५,६८०) | ५८,५८६ |
| **कुल नेटवर्थ** | **६३३,८९७** | **६८५,३९५** | **५४४,२६२** | **४९७,२०९** | **७७५,९५९** | **८२३,६००** | **८८७,८६६** |
| शेयर संख्या ('००० मा) | ४,५५० | ४,५५० | ५,३९५ | ५,३९५ | ८,३०० | ८,३०० | ८,३०० |
| **प्रति शेयर नेटवर्थ(रु)** | १३९.३२ | १५०.६४ | १००.८८ | ९२.१६ | ९३.४९ | ९९.२३ | १०६.९७ |
| **प्रति शेयर आम्दानी (EPS)** | ३९.३२ | ११.३२ | (४१.६९) | (८.७२) | (७.०८) | ५.७४ | ७.७४ |
| **नेटवर्थमा प्रतिफल (%)** | ०.२८ | ०.०८ | (०.४१) | (०.०९) | (०.०८) | ०.०६ | ०.०७ |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

**निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफलः** (१०.७२)

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि एस.एस.ए. एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्टस् ले प्रमाणित गर्नु भएको छ।

नोटः निर्माण सम्पन्न भएपश्चात आयोजनाको लागतलाई पुँजी करण (capitalisation) गरी त्यसमा ह्रास कट्टी गर्ने र बैंकको व्याज समेतलाई खर्चमा लेखाङ्कन गरीने हुँदा निर्माण सम्पन्न भएको वर्षमा खुद आम्दानी र नेटवर्थ घट्न जाने देखिन्छ। साथै, Service Concession Arrangement (IFRIC-12) अनुसार निर्माणको चरणमा आम्दानी Recognisation गरेको हुँदा नेटवर्थ, प्रति शेयर आम्दानी (EPS) संचालन पुर्वका वर्षमा बढेको र संचालन को वर्ष पश्चात तत्काल नेटवर्थ, प्रति शेयर आम्दानी (EPS) घटेको त्यस पश्चात क्रमिक रुपमा बढेको हुनाले सो बाट कम्पनीको वित्तिय अवस्थामा फरक नपर्ने देखिन्छ।

**ख. विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :** (०.०२)

### ग.१०. धितोपत्र निष्काशनसम्बन्धी विवरणः

### ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीले धितोपत्र जारी गर्नुको उद्देश्य निम्न बमोजिम रहेको छ :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा ब्यवस्था भए अनुसार कम्पनीको जारी पूँजीको ३५ प्रतिशत अर्थात रु. २९,०५,००,०००/-(अक्षरेपी उनन्तीस करोड पाँच लाख मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००/- को २९,०५,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्याइएको छ। यस मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था अनुसार ८,३०,०००/- कित्ता शेयर छुट्याई निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दालाई लगानीको अवसर दिने तथा २०,७५०००/- कित्ता शेयर सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि वैदेशीक रोजगारी गरिरहेका नेपालीहरु, सामूहिक लगानी कोष र कम्पनीका कर्मचारीहरु समेत) लाई बिक्री वितरण गरी कम्पनीको चुक्ता पूँजी रु. वितरण गरी कम्पनीको चुक्ता पूँजी रु. ८३,००,००,०००/- पुऱ्याउन ।

२. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा विक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिने ।

३. निष्काशनबाट प्राप्त रकम आयोजनाको कर्जा भुक्तानीका लागि प्रयोग गरिने मुख्य उद्देश्य रहेको छ।

४. कम्पनीको वित्तीय एवम आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीका उपयोग :**

क. निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :

मिति २०८० साल माघ २५ गतेको संचालक समितिको बैठकको निर्णय अनुसार निष्काशनबाट प्राप्त हुने कुल रकमलाई निम्न अनुसार प्रयोग गरिने छ।

| सि.नं. | विवरण | रकम (रु) |
|---|---|---|
| १. | प्रारम्भिक सार्वजनिक निष्काशन रकमबाट बैंकको ऋण भुक्तानी गर्न | २०,७५,००,०००/- |
| २. | सिभिल कार्यको भुक्तानी | ६,८०,००,०००/- |
| ३. | परामर्शदाता तथा अन्य दायित्व भुक्तानी गर्न | १,५०,००,०००/- |
| | **जम्मा** | **२९,०५,००,०००/-** |

यस कम्पनीले निर्माण गरिरहेका माथिल्लो सानीगाड जलविद्युत आयोजनाको लागि आवश्यक वित्तीय श्रोतको कम्पनीको संस्थापकद्वारा चुक्ता गरेको पूजी तथा बैंकहरुवाट लिएको ऋण रकम रहेको छ। विभिन्न बैंकवाट लिएको ऋण रकम को चैत्र मसान्त २०८१ सम्मको भुक्तानी सम्बन्धी अवस्था तपसिल बमोजिम रहेको छ।

| ऋणको प्रकार | हिमालयन बैंक लि. | प्रभु बैंक लि. | लक्ष्मी सनराइज बैंक लि. | नेपाल इनभेष्टमेन्ट बैंक लि. | जम्मा | ऋण स्वीकृत मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दिर्घकालिन -१ | ६,६००.०० | ३,०००.०० | ३,०००.०० | १,०००.०० | १३,६०० | ६/४/२०१७ | प्रारम्भिक सम्झौता |
| चालु पुँजी | ५०० | - | - | - | ५०० | ६/४/२०१७ | प्रारम्भिक सम्झौता |
| दिर्घकालिन -२ | १,४०७.४० | ६३९.७ | ६३९.७ | २१३.२ | २,९०० | ६/३०/२०२१ | पहिलो SSLA |
| अल्पकालिन-३ | ८२५ | - | - | - | ८२५ | ६/३०/२०२१ | पहिलो SSLA |
| अल्पकालिन | २५० | - | - | - | २५० | १/११/२०२४ | दोश्रो SSLA |
| दिर्घकालिन -४ | ३,५३०.०० | - | १,४७०.०० | - | ५,००० | १/११/२०२४ | दोश्रो SSLA |
| अल्पकालिन | ७०० | - | - | - | ७०० | १/१३/२०२४ | तेश्रो Offer Letter |
| अल्पकालिन | ३०० | - | - | - | ३०० | ७/१०/२०२४ | चौथो Offer Letter |
| **जम्मा** | **१४,११२.४०** | **३,६३९.७०** | **५,१०९.७०** | **१,२१३.२०** | **२४,०७५.००** | | |

- दिर्घकालिन ऋण १ र २ को भुक्तानी अबधि १२ बर्ष रहेको छ यस को ब्याज WACC+ १.५ प्रतिशत रहेको छ।
- साथै दिर्घकालिन ऋण ४ को भुक्तानी अबधि १८ बर्ष रहेको छ यस को ब्याज WACC+ १.५ प्रतिशत रहेको छ ।
- चालु पुंजी ऋण तथा अल्पकालिन ऋणको ब्याज WACC+ २.० प्रतिशत रहेको छ।
- त्यसैगरी आयोजनाका संचालकहरुबाट व्यक्तिगत जमानी तथा संस्थापक शेयरधनीहरु बाट ऋण रकम बराबरको संस्थागत जमानी दिइएको छ ।
- साथै ऋण उपभोग गर्दा धितो सुरक्षणको रुपमा कम्पनीको नाममा रहेको सम्पुण जग्गा जमिन जमानत राखिएको छ।
- स्वीकृत दिर्घकालिन ऋणको ०.६५% बराबरको व्यवस्थापन शुल्क अग्रिम रूपमा लिइनेछ, जसको ५०% अग्रिम रूपमा अगुवा बैक द्वारा लिइनेछ र बाँकी ५०% दिर्घकालिन ऋणमा सहभागी बैंकहरू / वित्तीय संस्थाहरू समेत सँग ऋण अनुपातमा बाँडफाँड गरिनेछ।
- साथै, ओभरड्राफ्ट सुविधाको कार्यान्वयनको समयमा अगुवा बैकद्वारा १% ऋण प्रक्रिया शुल्क लिइनेछ।
- साथै एजेन्सी शुल्क हरेक आर्थिक वर्षको पहिलो दिन ०.१०% का दरले पछिल्लो वर्षको वाँकी ऋणमा लिइनेछ, सो शुल्क अगुवा बैंक ले ऋण अनुपातमा लिनेछ ।

**कम्पनीले २०८१ चैत्र मसान्तसम्म लिएको कर्जा, कर्जाको भुक्तानी र बक्यौता रकम निम्नानुसार रहेको छ :**

(रु. लाखमा )

| बैंक तथा वित्तीय संस्थाको नाम | दीर्घकालिन आवधिक कर्जा रकम रु. | अल्पकालिन आवधिक कर्जा रकम रु. | कर्जा भुक्तानी रकम रु. | बक्यौता रकम रु. |
|---|---|---|---|---|
| हिमालयन बैंक लि. | ११,५३७.४० | २,५७५.०० | ९२.८६ | १४,०१९.५४ |
| लक्ष्मी सनराइज बैंक लि. | ५,१०९.७० | | ४२.१८ | ५,०६७.५२ |
| प्रभु बैंक लि. | ३,६३९.७० | | ४१.८१ | ३,५९७.८९ |
| नेपाल इनभेष्टमेन्ट बैंक लि. | १,२१३.२० | | १३.९४ | १,१९९.२६ |
| **जम्मा** | **२१,५००.००** | **२,५७५.००** | **१९०.७९** | **२३,८८४.२१** |

आयोजनाको ऋणको भुक्तानी अबधिको हरेक बर्षको ऋण र ब्याज भुक्तानीको विवरण यस प्रकार रहेको छ।

| बर्ष | जम्मा ऋण भुक्तानी | जम्मा ब्याज भुक्तानी | जम्मा किस्ता रकम | बाँकी ऋण |
|---|---|---|---|---|
| २०८०/८१ | ५,१००.०० | १९०,६७०.२८ | १९५,७७०.२८ | २,१४४,९००.०० |
| २०८१/८२ | ३७,५००.०० | २१२,९८३.७५ | २५०,४८३.७५ | २,१०७,४००.०० |
| २०८२/८३ | ७६,२००.०० | २०७,३८८.७५ | २८३,५८८.७५ | २,०३१,२००.०० |
| २०८३/८४ | ८४,१००.०० | १९९,८१६.२५ | २८३,९१६.२५ | १,९४७,१००.०० |
| २०८४/८५ | १२०,५००.०० | १८९,२४१.२५ | ३०९,७४१.२५ | १,८२६,६००.०० |
| २०८५/८६ | १३१,९००.०० | १७६,९०१.२५ | ३०८,८०१.२५ | १,६९४,७००.०० |
| २०८६/८७ | १४७,१००.०० | १६२,९५३.७५ | ३१०,०५३.७५ | १,५४७,६००.०० |
| २०८७/८८ | १६५,१००.०० | १४७,६१८.७५ | ३१२,७१८.७५ | १,३८२,५००.०० |
| २०८८/८९ | १८४,१००.०० | १३०,५२१.२५ | ३१४,६२१.२५ | १,१९८,४००.०० |
| २०८९/९० | २०९,९००.०० | १११,०३१.२५ | ३२०,९३१.२५ | ९८८,५००.०० |
| २०९०/९१ | २३०,५००.०० | ८९,५८१.२५ | ३२०,०८१.२५ | ७५८,०००.०० |
| २०९१/९२ | २५९,२००.०० | ६५,४१६.२५ | ३२४,६१६.२५ | ४९८,८००.०० |
| २०९२/९३ | ६०,०००.०० | ४७,६३०.०० | १०७,६३०.०० | ४३८,८००.०० |
| २०९३/९४ | ७०,०००.०० | ४१,२५५.०० | १११,२५५.०० | ३६८,८००.०० |
| २०९४/९५ | ८०,०००.०० | ३३,८८०.०० | ११३,८८०.०० | २८८,८००.०० |
| २०९५/९६ | ८०,०००.०० | २५,८८०.०० | १०५,८८०.०० | २०८,८००.०० |
| २०९६/९७ | ९०,०००.०० | १७,५०५.०० | १०७,५०५.०० | ११८,८००.०० |
| २०९७/९८ | ११८,८००.०० | ७,४२५.०० | १२६,२२५.०० | - |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा** | २,१५०,०००.०० | २,०५७,६९९.०३ | ४,२०७,६९९.०३ | |

**ख. सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्थाः** अन्य जलविद्युत कम्पनीहरुले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेको छ । कथंकदाचित निष्काशन गरिने शेयर उद्योग प्रभावित बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बांकी रहने शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिने छ । सर्वसाधारणलाई थप गरि निष्काशन गरे पश्चात समेत पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतिकर्ता श्री सानिमा क्यापिटल लिमिटेडसँग उक्त धितोपत्र खरिद गर्ने गरी शेयरको प्रत्याभुति गर्न सम्झौता गरीएको छ ।

**ग. आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भईसकेको भए सो सम्बन्धी विवरण :** कम्पनीको बझाङ्ग जिल्ला, बुंगल नगरपालिका वडा नं ७ हुदै बहने सानीगाडको पानी उपयोग गरी १०.७ मे.वा. क्षमताको माथिल्लो सानीगड जलविद्युत आयोजनाको निर्माण चैत्र २०७४ बाट शुरुवात गरेर सम्पुर्ण भौतिक निमार्ण कार्य भाद्र २०८० मा सम्पन्न गरी मिति २०८०/०५/०२ बाट व्यवसायिक उत्पादन शुरु भइसकेको छ ।

**घ. आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन (RCOD) सुरु गर्नुपर्ने मिति २०७६ भाद्र २९ गते रहेकोमा नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच मिति २०७९ साल श्रावण २६ भएको सम्झौता बमोजिम विद्युत उत्पादन सुरु गर्नपुर्ने, (RCOD) मिति २०७७ पौष १ गते सम्म थप गरिएको थियो । सो पश्चात नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच मिति २०७९ साल फाल्गुण ३० गते भएको सम्झौता बमोजिम विद्युत उत्पादन सुरु गर्नपुर्ने, (RCOD) मिति २०७८ मंसिर २९ सम्म थप गरिएको र नेपाल विद्युत प्राधिकरणको मिति २०८०/०६/०९ को पत्र बमोजिम व्यापारिक विद्युत उत्पादन (COD) मिति २०८०/०५/०२ गते निर्धारण भएको छ । उक्त मिति २०८०/०५/०२ गतेबाट यस जलविद्युत आयोजनाले ब्यवसायिक उत्पादन शुरु गरी संचालनमा रहेको छ ।

**ङ. संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

| क्र. स | विवरण | सप्लायर्ससको नाम | रकम रु. |
|---|---|---|---|
| १ | टर्वाइन जेनेरेटर, ट्रान्सफर्मर लगायत पावरहाउसका उपकरणहरु | एन्ड्रिज हाइड्रो प्रा.लि.. | रू.२१,२३,५१,२२०।८१ |
| २ | पेनस्टक पाइप र पेनस्टक फिटिङ | क्वाङ्गझाउ डिरि फेङ्गदा इन्ट ट्रेड कम्पनी र हिवेइ सेङ्गतान पाइप फिटिङ्ग ग्रुप लि. | रू.१५,६४,११,१३४।७४ |
| ३ | ट्रान्समिसन लाइनको उपकरणहरू | मुडभरि एण्ड जोशी | रु. ४,६४,५६,८१५।०१ |

**च. कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**छ. उत्पादन सम्बन्धी आयोजना भए, सोको प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

कम्पनीको उत्पादन जलविद्युत हो । सो को प्रयोगकर्ता नेपाल विद्युत प्राधिकरणका ग्राहक रहेका छन् । जलविद्युत आयोजनाबाट उत्पादित विद्युत कोहीसँग पनि प्रतिस्पर्धा नरहेको र कम्पनीको विद्युत उत्पादन क्षमता १०.७ मेगावाट रहेको छ । आयोजनावाट उत्पादित वार्षिक ६२.७०६ गिगावाट विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाईनमा समावेश गरीएको छ ।

**ज. आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत :** यस आयोजनाको संरचना रहेको क्षेत्र बभाङ्ग जिल्ला बुंगल नगरपालिका वडा नं. ७ हुदै बहने सानीगाडको पानी रहेको छ ।

**झ. आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** यस आयोजनाको लागि १३२ के.भि प्रसारण लाईन मार्फत विद्युत ल्याईएको छ । साथै पानीको लागि यस आयोजनाको संरचना रहेको क्षेत्र बझाङ्ग जिल्ला बुंगल नगरपालिका वडा नं. ७ हुदै बहने सानी गाडको पानी उपयोग गरिएको छ ।

ञ. **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टा छुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक - रु. १,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) - निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता शुल्कः– प्रत्याभूतिकर्ता शुल्क रु. १४,५२,५००/-

(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क - ड्यू डेलिजेन्स तयार गरे बापत शुल्क :-सो नभएको

(उ) लेखापरिक्षकको शुल्क- अनुमानित आर्थिक विवरण प्रमाणित गरे बापत शुल्क रु.२०,०००/–( मु.अ.क.बाहेक) ।

(ऊ) अन्य : संकलन केन्द्रलाई आवेदन फारमसहित रकम संकलन गरे वापत सेवा शुल्कको रुपमा भुक्तानी दिने व्यवस्था हाल सम्म गरिएको छैन ।

**आयोजना प्रभावित क्षेत्रका लागि**

निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्रहरुलाई आवेदन फाराम सहित रकम संकलन गरे वापत शुल्क/कमिशन वापत भुक्तान गर्ने रकम आपसि समझदारी निर्धारण गरिने छ । सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन लिने सदस्य संस्थाहरुलाई संकलित रकममा कुनै शुल्क प्रदान गरिने छैन । निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्र मार्फत संकलित रकम जम्मा गर्नका लागि आवश्यकता अनुसार निष्काशन बैंकमा खाता खोलिएको छ र आवश्यकताका आधारमा थप निष्काशन बैंकमा खाता खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा जानकारी गराईने छ ।

**सर्वसाधारणका लागि**

सि-आस्बा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनका लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क कमिशन भुक्तान गर्नुनपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रबन्धकलाई भुक्तान गर्नेछन् ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** हालसम्म त्यस्तो कुनै ब्यवस्था गरिएको छैन ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य** : सो नभएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया** : यस विवरण पत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । शेयर बाँडफाँड गर्दा निम्न प्रकृया द्धारा गरिने छ ।

क. धितोपत्र बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गरिनेछ ।

ख. बुँदा नं. १ बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित धितोपत्र बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरूलाई पुनः दश कित्ताका दरले धितोपत्रको बाँडफाँड गर्नुपर्नेछ ।

ग. बुँदा नं. २ बमोजिम धितोपत्र बाँडफाँडको प्रक्रिया सम्मन्न भएपश्चात धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँड गर्नु पर्नेछ ।

घ. यस विवरण पत्र मार्फत निष्काशित धितोपत्रको बाँडफाँड गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अनुसूची-२ बमोजिमको नमूना बमोजिम गरिनेछ । उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरिने छ ।

ङ. धितोपत्र बाँडफाँड गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गर्नु पर्नेछ ।

च. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ ।

छ. स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोषका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर समेत थप गरी निष्काशन गरिनेछ । साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतीकर्ता बिच भएको प्रत्याभुत सम्वन्धी सम्झौता बमोजिम प्रत्याभूतकर्ताले खरिद गर्नेछ ।

ज. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

शेयर विक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा व्यवस्था भएको समयभित्र शेयर बाँडफाँड गरे पश्चात भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । आस्बा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदरः**

धितोपत्र निष्कासन निर्देशिका तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा सो निर्देशिकाको दफा २९ को उपदफा ३ मा भएको ब्यबस्था बमोजिम शेयरबिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ । उपरोक्त ब्यवस्था आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

**(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधीः**

निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही (डिम्याट) खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भईसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** हाल सम्म सूचिकरण भई नसकेको ।

**(च) धितोपत्र सूचिकरण भईनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

निष्काशन गरिएको साधारण शेयर बाँडफाँट पश्चात धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधी भित्र दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मा दर्ता गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ ।

**ग.१०.च.प्रत्याभूति सम्बन्धी विवरण :**

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगानाः श्री सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

प्रत्याभुत गरिएको कित्ताः कित्ता २९,०५,००० /-

प्रत्याभुत गरिएको रकमः रु २९,०५,००,०००/-

प्रत्याभूति सम्झौता हस्ताक्षर मिति :२०८१/११/२३

प्रत्याभूति सम्झौता बहाल रहने मिति : सम्झौता भएको मितिले ६ (छ) महिना सम्म ।

**ख) धितोपत्र प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ।

१. कम्पनीको शेयर सर्वसाधारणमा निष्काशन गर्न लागेको कम्पनीको जारी पूँजी रु.८३,००,००,०००/- (अक्षरेपी त्रियासी करोड मात्र) को ३५% अर्थात रु.२९,०५,००,०००/- (अक्षरेपी उनन्तिस करोड पाँच लाख मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको २९,०५,००० कित्ता शेयर प्रत्याभूति गर्न प्रत्याभूतिकर्ताले मञ्जुर गर्दछ।

२. सम्झौता पत्र वमोजिम शेयरको प्रत्याभूति गरे वापत प्रथम पक्षले कुल प्रत्याभूत गरिएको रकमको ०.५०% ले हुन आउने रकम रु.१४,५२,५००/- (अक्षरेपी चौध लाख बाउन्न हजार पाँच सय मात्र) मा प्रचलित कानून बमोजिम आवश्यक कर कट्टी गरी प्रत्याभूतिकर्तालाई फिर्ता नहुने (Non-Refundable) गरी यो सम्झौता भएको मितिले ३० दिन भित्र भुक्तानी गर्नेछ।

३. प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा प्रत्याभूतिकर्ताहरुले बिक्री नभएको शेयर सर्वसाधारणलाई शेयर निष्काशन तथा बाँडफाँड भएको मितिले २१ दिन भित्र खरिद गर्नेछ। साथै, निष्काशन कम्पनीले समेत शेयर वापतको रकम प्राप्त गरे पश्चात् उक्त शेयरको स्वामित्व यथाशिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नुपर्नेछ। प्रत्याभूति गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ।

४. प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा प्रत्याभूतिकर्ताहरुले बिक्री नभएको शेयर सर्वसाधारणलाई शेयर निष्काशन तथा बाँडफाँड भएको मितिले २१ दिन भित्र खरिद गर्नेछ। साथै, निष्काशन कम्पनीले समेत शेयर वापतको रकम प्राप्त गरे पश्चात् उक्त शेयरको स्वामित्व यथाशिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नुपर्नेछ। प्रत्याभूति गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ।

५. निष्काशन कम्पनीको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ।

६. यस सम्झौताको समयावधि सम्झौता भएको मितिले ६ (छ) महिना सम्म मात्र हुनेछ।

७. यो सम्झौताको कार्यान्वयन मुलुकी देवानी, २०७४ बमोजिम हुनेछ।

**ग.१०.छ.आवेदन दिदा ध्यान दिनु पर्ने कुराहरु :**

**क. धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ।

**ख. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, ललितपुर म.न.पा.-३, धोविघाट, ललितपुर, बागमती वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेड का.म.न.पा वडा नं.२८, कमलादी, काठमाण्डौंमा सर्म्पक राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिदा सर्वसाधारणहरुले न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम २०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफट संलग्न गरी दरखास्त दिनु पर्नेछ। आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधारण दरखास्तवालाले दरखास्त साथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- अंकित दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन।

**ग. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**१ स्थानिय वासिन्दाको लागी :**

आयोजना प्रभावित क्षेत्र बभाङ्ग जिल्ला, बुंगल नगरपालिकाको स्थानीय बासिन्दाहरुले यस विवरण–पत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदन साथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४. विवाह भई आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ।

५. आयोजना प्रभावित क्षेत्रमा बँसाईंसराई गरि आएको हकमा विवरण पत्र प्रकाशित हुनु भन्दा अगावै बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

६. माथि उल्लेखित हुन छुटेका आयोजना प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गा.पा/न.पा. को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकाश समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र वा कम्पनीको निर्णय बमोजिम हुनेछ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

८. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त ब्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एउटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एक व्यक्तिले एउटा भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।

१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१५. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१६. यस विवरण पत्र मार्फत निष्काशन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DEMAT Account) र BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने ब्यबस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DEMAT Account/BOID No.) आवेदन फारममा उल्लेख गर्न सक्नेछन् । साथै डिम्याट खाता (DEMAT Account) र BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् ।

१७. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN.No.) दरखास्त फारममा खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**२. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्तगरि विदेशमा बसि रोजगार गरिरहेका नेपालीहरुको हकमाः**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा बसी रोजगार गरिरहेका कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

